# संघीय संसद
# राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समितिको
## बार्षिक प्रतिवेदन, २०७८




संघीय संसद सचिवालय

सिंहदरवार, काठमाडौं

फोन नं : ०१-४२००३७१

**URL:http://www.parliament.gov.np**

**Email:nationalconcern@parliament.gov.np**

# राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

## माननीय सदस्यहरुको नामावली

**सभापति**

**मा. दिल कुमारी रावल थापा (पार्वती)**

**<u>सदस्यहरु</u>**

| | |
|---|---|
| १. मा. अनिता देवकोटा | २. मा. इन्दिरा देवी गौतम |
| ३. मा. इन्दु कडरीया | ४. मा. उदया शर्मा/पौडेल |
| ५. मा. कोमल वली | ६. मा. खिम लाल भट्टराई |
| ७. मा. गोपी बहादुर सार्की आछामी | ८. मा. दिपा गुरुङ |
| ९. मा. दृग नारायण पाण्डेय | १०. मा. नारायणकाजी श्रेष्ठ |
| ११.मा..रामचन्द्र राई | १२. मा. राम लखन चमार |
| १३.मा.शेखर कुमार सिंह | १४ मा. सुमनराज प्याकुरेल |

# विषयसूची


मन्तव्य III

परिच्छेद - १: समितिको परिचय १

१.१ पृष्ठभूमि १

१.२ समितिको गठन २

१.३ समितिको कार्यक्षेत्र ३

१.४ काम कर्तव्य र अधिकार ४

१.५ समितिका कामकारवाहि सम्बन्धि अन्य व्यवस्था ४

परिच्छेद - २ : समितिको वार्षिक काम कारबाहीको विवरण ७

२.१ कार्यक्षेत्रभित्रका विषयमा सम्बन्धित निकायहरुसँग छलफल, सुझाव तथा निर्देशनहरु ७

२.१.१ समितिमा छलफल मात्र भएका विषयहरु : ७

२.१.२ समितिमा छलफल भई सम्बन्धित निकायलाई दिएका सुझाव तथा निर्देशनहरु ८

२.२ विवरण तथा जानकारी माग १३

२.३ समिति अन्तर्गत गठित उपसमितिहरुमा भएका छलफल १५

२.४ अभिमुखीकरण कार्यक्रमहरु १६

२.५ समितिका महत्वपूर्ण निर्देशन तथा सूझावहरुको कार्यान्वयनको अवस्था १६

परिच्छेद - ३ : उपलब्धीहरु २६

परिच्छेद - ४ : समस्या तथा सुझाव २७

४.१ समस्याहरु २७

४.१.१ नीतिगत पक्षमा देखिएका समस्याहरु २७

४.१.२ स्रोत साधन तथा भौतिक पक्षमा देखिएका समस्याहरु २७

४.१.३ बैठक व्यवस्थापन लगायत अन्य विविध विषयमा देखिएका समस्याहरु २७

४.२ सुझावहरु २८

अनुसूची : १ २९

समितिका माननीय सदस्यहरुको विवरण २९

अनुसूची : २ ३०

समिति सचिवालयमा कार्यरत कर्मचारीहरु ३०

अनुसूची - ३ : समितिको बैठकका निर्णयहरु ३१

अनुसूची -४: उपस्थिति विवरण ४०

अनुसूची -५: समितिका कामकारवाही सम्बन्धी केहि झलक ४२

# परिच्छेद - १: समितिको परिचय

## १.१ पृष्ठभूमि

शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालीका आ-आफ्नो क्षेत्रधिकार भित्र रहि कार्यसम्पादन गर्न स्वतन्त्र हुन्छन् भने शक्ति सन्तुलन तथा नियन्त्रणको सिद्धान्त अनुसार कुनै अङ्गले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गई काम गरेमा वा अन्य अङ्गको क्षेत्राबिककारमा हस्तक्षेप गरेमा सो लाई रोक्न सक्ने अधिकार हरेक अङ्गलाई हुन्छ । उपरौक्त तीन अङ्गहरुमध्ये विधायिकी अङ्ग अर्थात् संसद कानून निर्माण, नागरिकको प्रतिनिधित्व एवं सरकारका नियमित एवं आकस्मिक काम कारबाहीमाथि नियन्त्रण र निरन्तर निगरानी गर्ने निकाय हो । लोकतान्त्रिक शासन प्रणालीमा राज्यशक्तिको स्रोतको रुपमा रहेका नागरिकमा निहित राज्यशक्तिको प्रयोग एवं अभ्यास विधायिका (निर्वाचित जनप्रतिनिधिहरुको संस्था) मार्फत् हुन्छ । संसदीय शासन व्यवस्थामा सरकार समेत विधायिकाले बनाउंछ । संविधानवादको सिद्धान्त बमोजिम हरेक संविधानमा संसदको प्रारुप, संरचना, शक्ति पृथकीकरण, सन्तुलत र नियन्त्रण सम्बन्धी व्यवस्था र संसदको विशेष अधिकार निर्दिष्ट गरिएको हुन्छ । नेपालको संविधानको धारा ८३ मा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुने जसलाई संघीय संसद भनिने व्यवस्था रहेको छ ।

संसदको औपचारिक प्रकृतिको कार्यपद्धती, आवधिक रुपमा हुने संसद अधिवेशन, संसदको कार्यबोझ एवं समयको सीमितता जस्ता कुराहरुलाई मध्यनजर राखी संसद अधिवेशन नचलेको अवस्थामा समेत सरकारका निकायको काम कारबाहीको निरन्तर निगरानी गर्न, विषयहरुमा गहन छलफल गर्न, महत्वपूर्ण विषयहरुमा विज्ञहरुको समेत राय तथा सुझाव प्राप्त गर्न, संसदका नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर रुपमा अगाडि बढाउन mini parliament को रुपमा संसद अन्तर्गत विभिन्न समितिहरु गठन हुन्छन् । नेपालको संविधानको धारा ९७(१) मा प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानून बमोजिम समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ । सोहि प्रावधान बमोजिम राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) मा सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन राष्ट्रिय सभा अन्तर्गत चारवटा विषयगत समिति रहेका छन् ।

राष्ट्रिय सभा अन्तर्गतका चार विषयगत समितिहरु मध्ये राष्ट्रिय सरोकार तथा समन्वय समितिलाइ एक महत्वपूर्ण समितिको रुपमा स्वीकार गरी नियमावलीले राष्ट्रिय सरोकारका विषयहरु समेटिएको महत्वपूर्ण कार्यक्षेत्र र संघीय संरचना अन्तर्गतका तीनै तहका तहगत संरचनाहरुबीच समन्वय गर्ने विशेष जिम्मेवारी समेत यस समितिलाई प्रदान गरेको छ ।सरकारका नियमित तथा आकस्मिक काम कारबाहीको निगरानी, अनुगमन, सुझाव तथा निर्देशनका साथै सरकारका प्रतिबद्धताहरुको कार्यान्वयनको अवस्था अध्ययन गरी आवश्यक निर्देशन दिने कामका अलवा संघ, प्रदेश तथा स्थानीय तहबीच आवश्यक समन्वय एवं सहयोगात्मक ढङ्गले अगाडी बढ्ने वातावरण सिर्जना गर्दै संघीयताको कार्यान्वयन र संस्थागत विकासमा टेवा पुऱ्याउने दिशामा समिति निरन्तर क्रियाशील रहँदै आएको छ ।

राष्ट्रिय सभाले विषयगत समितिहरु गठन गरे पश्चात् २०७५ साउन २२ गते पहिलो बैठक बसेको यस समितिको आ.व. २०७५/०७६ र आ. व. २०७६/०७७ मा भएका भएका बैठक, समिति अन्तर्गत गठित उपसमितिको बैठक, समितिको स्थलगत अध्ययन भ्रमण तथा सरोकारवालाहरुसँग अन्तरक्रिया, प्रादेशिक अन्तरक्रिया अभिमूखिकरण कार्यक्रम आदिलाई समेटी समितिका निर्देशनहरुको कार्यान्वयनको अवस्था र समितिका समस्या तथा सुझावहरुर अनुभवहरु समेत समावेश गरि तयार पारेको आ.व. २०७५/०७६ र आ. व. २०७६/०७७ को वार्षिक प्रतिवेदन राष्ट्रिय सभा नियमावलीको प्रावधान बमोजिम सभामा पेश गरिसकेको छ । आ. व. २०७७/०७८ मा समितिका बैठक, समिति अन्तर्गत गठित उपसमितिका बैठक, समिति तथा उपसमितिका बैठकमा भएका छलफल तथा निर्णयहरु र सो को कार्यान्व्यनको अवस्था, सरोकारवालाहरुसँग अन्तरक्रिया, अभिमूखिकरण कार्यक्रमहरु लगायत समितिका अन्य काम कारबाहीहरु र सो अवधिमा समितिले हासिल गरेका अनुभवहरु समेत समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिको तेस्रो वार्षिक प्रतिवेदनको रुपमा यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ समितिको गठन

सम्वत् २०७५ साल साउन १७ गते बसेको राष्ट्रिय सभाको बैठकबाट राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) बमोजिमको यस समितिमा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य सङ्ख्या, सदस्यको व्यक्तिगत रुचि एवं ज्ञान र महिला, दलित, आदिवासी जनजाती, खस-आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वलाई ध्यानमा राखी अध्यक्षले राष्ट्रिय सभाको सहमति लिई बढीमा पन्ध्रजना सदस्यहरू मनोनयन गर्ने नियमावलीको नियम १४९ को उपनियम (१) र (२) को प्रावधान बमोजिम देहाय बमोजिमका १४ जना माननीय सदस्यहरु रहने गरी राष्ट्रिय सरोकार तथा समन्वय समितिको गठन गरेको थियो ।

| | |
|---|---|
| १. मा. कोमल वली | २. मा. खिम लाल भट्टराई |
| ३. मा. खेमराज नेपाली | ५. मा. जीवन बुढा |
| ६. मा. तारादेवी भट्ट | ७. मा. दिपा गुरुङ |
| ७. मा दिल कुमारी रावल थापा (पार्वती) | ८. मा. धन कुमारी खतिवडा |
| ९. मा. प्रकाश पन्थ | १०. मा. रमेश प्रसाद यादव |
| ११. मा राज कुमार कुवर | १२. मा. रामचन्द्र राई |
| १३. मा. रामपृत पासवान | १४. मा. सुरेन्द्र राज पाण्डे |

संवत् २०७५ साल भदौ १३ गते समितिका जेष्ठ सदस्य मा. तारादेवी भट्टको सभापतित्वमा बसेको बैठकले समितिका मा. सदस्य दिल कुमारी रावल थापा (पार्वती) लाई सर्वसम्मतीले यस समितिको सभापतिको पदमा निर्वाचित गरेको थियो ।

संवैधानिक व्यवस्था बमोजिम २०७६ साल फागुन २१ गते राष्ट्रिय सभाका एक तिहाई सदस्यको कार्यकाल समाप्त भई सो स्थानमा नयाँ सदस्यहरु निर्वाचित भई आए पश्चात् सम्वत् २०७६

साल चैत २ गते बसेको राष्ट्रिय सभाको बैठकबाट यस समितिमा देहायका १३ जना माननीय सदस्यहरु रहनु भएको थियो :-

**१. मा. दिल कुमारी रावल थापा (पार्वती) - सभापति** २. मा. अनिता देवकोटा
३. मा. इन्दिरा देवी गौतम ४. मा. इन्दु कडरीया
५. मा. कोमल वली ६. मा. खिम लाल भट्टराई
७. मा. गोपी बहादुर सार्की आछामी ८. मा. जिवन बुढा
९. मा. दिपा गुरुङ १०. मा. नारायणकाजी श्रेष्ठ
११. मा. रामचन्द्र राई १२. मा. शेखर कुमार सिंह
१३. मा. सुमनराज प्याकुरेल

मिति २०७७ साउन १७ गते राष्ट्रिय सभाका विषयगत समितिहरुको दुईवर्षे कार्यकाल समाप्त भए पश्चात् संसदको अधिवेशन चालु नरहेको अवस्थामा मिति २०७७ साल साउन १७ गते सम्माननीय अध्यक्षज्यूले जारी गर्नुभएको गठन आदेश बमोजिम कायम हुनुभएका चौध जना र राष्ट्रिय सभाको मिति २०७८ असार २१ को बैठकबाट यस समितिमा आउनुभएका मा. दीर्घनारायण पाण्डेय समेत गरी हाल यस समितिमा देहाय बमोजिमका पन्ध्रजना माननीय सदस्यहरु रहनुभएको छः-

१. मा. दिल कुमारी रावल थापा(पार्वती) **सभापति** २. मा. अनिता देवकोटा
३. मा. इन्दिरा देवी गौतम ४. मा. इन्दु कडरीया
५. मा. उदया शर्मा/पौडेल ६. मा. कोमल वली
७. मा. खिम लाल भट्टराई ८. मा. गोपी बहादुर सार्की आछामी
९. मा. दिपा गुरुङ १०. मा. दृग नारायण पाण्डेय
११. मा. नारायणकाजी श्रेष्ठ १२. मा. रामचन्द्र राई
१३. मा. राम लखन चमार १४. मा. शेखर कुमार सिंह
१५. मा. सुमनराज प्याकुरेल

समितिमा मिति २०७७।०४।२३ गते बसेको ७० औं बैठकले यस समितिका सदस्य मा. **दिल कुमारी रावल थापा (पार्वती)** लाई नै दोस्रो कार्यकालको लागि समितिको सभापतिको रुपमा सर्वसम्मत रुपमा निर्वाचित गरेको थियो ।

## १.३ समितिको कार्यक्षेत्र

राष्ट्रिय सभा नियमावलीको नियम १४७ को उपनियम (१) बमोजिम समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः-

- तहगत राज्य संरचनाको विकासमा समन्वय,
- राष्ट्रिय सम्पदा,
- मानव अधिकार तथा परराष्ट्र सम्बन्ध,
- सन्धि सम्झौताको कार्यान्वयनको अवस्था,

- समन्यायिक विकासको अवस्था,
- पिछडिएको क्षेत्र, समुदाय, संस्कृति,
- राष्ट्रिय गौरवका आयोजना,
- राष्ट्रिय सुरक्षा र
- संवैधानिक आयोग सम्बन्धि विषय

साथै नियमावलीको नियम १४८ मा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षले समय-समयमा तोकेका विषयहरु समेत यस समितिको कार्यक्षेत्रमा पर्ने प्रावधान रहेको छ ।

## १.४ काम कर्तव्य र अधिकार

राष्ट्रिय सभा नियमावली, २०७५ तथा राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५ बमोजिम यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

- सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन आफ्नो क्षेत्राधिकारभित्रका विषयमा सरकारबाट भए, गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने,
- नियमावलीको नियम १५५ बमोजिम आफ्नो कामको निमित्त कुनै कागजात झिकाउने तथा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई समिति समक्ष उपस्थित गराउने,
- कार्यसम्पादनको सिलसिलामालामा नियमावलीको नियम १४७ को उपनियम (३) बमोजिम अध्यक्षको पूर्वस्वीकृति लिई कुनै स्थानको स्थलगत अनुगमन वा अध्ययन भ्रमण गर्ने,
- आफ्नो कामकारवाही सम्पादनको क्रममा राष्ट्रिय सरोकारको कुनै विषयमा वा समितिको क्षेत्राधिकारभित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि संघ, प्रदेश वा स्थानीय तहमा समेत संसदीय सार्वजनिक सुनुवाइ गर्ने र सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- नेपालको संविधान तथा राष्ट्रिय सभा नियमावलीले तोके बमोजिम अन्य काम गर्ने ।

## १.५ समितिका कामकारवाहि सम्बन्धि अन्य व्यवस्था

राष्ट्रिय सभा नियमावलीमा भएको व्यवस्था बमोजिम समितिको बैठक सभापतिले आवश्यकता अनुसार बोलाउन सक्ने तर समितिको बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन उपयुक्त छ भनी समितिका एक तिहाई सदस्यले छलफल गर्नुपर्ने विषय सहित सभापति समक्ष लिखित अनुरोध गरेमा पाँच दिनभित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नु पर्ने हुन्छ । सभापतिले समितिको बैठकको सभापतित्व गर्ने र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्य मध्ये ज्येष्ठ सदस्यले सभापतित्व गर्ने व्यवस्था छ ।संसद परिसरभन्दा बाहिर समिति वा उपसमितिको बैठक बस्न सभापतिले अध्यक्षको लिखित अनुमति लिनुपर्ने हुन्छ ।

समितिको सम्पूर्ण सदस्य सङ्ख्याको एक तिहाई समितिको गणपूरक सङ्ख्या हुन्छ । समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सभापतिले अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्छ, यसैगरी समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित गर्नु परेमा सभापतिले त्यसको जानकारी अध्यक्षलाई दिनु पर्दछ । समितिको बैठकमा उपस्थित समितिका सदस्यको बहुमतको निर्णय समितिको निर्णय मानिन्छ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्छ । समितिको बैठकको निर्णय सभापति र समिति सचिवबाट प्रमाणित गर्नुपर्दछ ।

त्यसैगरी समितिले आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्य मध्येबाट उपसमिति गठन गर्न सक्छ तर त्यस्तो उपसमिति गठन गर्दा उपसमितिले गर्नु पर्ने काम र सो काम सम्पन्न हुनु पर्ने अवधि समेत किटान गर्नु पर्दछ । समिति वा उपसमितिले आफ्नो कार्यषेत्र भित्रको विषयमा अनुगमन तथा अध्ययन भ्रमण गरेमा सो को प्रतिवेदन एक हप्ताभित्र सभामा पेश गर्नुपर्ने हुन्छ । आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढङ्गले सञ्चालन गर्ने सन्दर्भमा समितिले आवश्यक निर्देशिका, कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्दछ ।

कुनै सदस्य आवश्यकता अनुसार आफू सदस्य नभएको समितिको बैठकमा सहभागी भई छलफलमा भाग लिन चाहेमा सम्वन्धित समितिको सभापति वा समिति सचिवालयलाई जानकारी गराई उपस्थित हुन सक्छन् तर त्यस्ता सदस्यलाई उक्त समितिमा मतदानको अधिकार भने हुँदैन । त्यसैगरी समितिमा कुनै विषयमाथि छलफल हुँदा सो विषयको प्रकृति हेरी सम्बन्धित मन्त्रीले आवश्यक देखेमा सो विषयमा स्पष्ट जानकारी दिन नेपाल सरकारको सम्बन्धित अधिकारी वा विशेषज्ञलाई सभापतिको अनुमति लिई समितिमा लिएर जान सक्ने साथै समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समूहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्ने व्यवस्था छ ।

समितिले आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्दछ । तर त्यस्तो कागजपत्र पेश गर्दा राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितको प्रतिकूल हुन जान्छ भन्ने लागेमा मन्त्रीले त्यसको कारण खुलाई सम्बन्धित समितिलाई जानकारी दिनु पर्दछ । यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुन्छ । उपस्थित गराइएको व्यक्ति वा सरकारी पदाधिकारीलाई समितिले आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्दछ ।

समितिबाट पारित जुनसुकै प्रतिवेदन सभापतिले वा निजले तोकेको समितिको सदस्यले सभाको अधिवेशन चलिरहेको अवस्थामा सभामा दश दिनभित्र पेश गर्नु पर्छ । सो अवधीभित्र सभापतिले वा निजले तोकेको समितिको सदस्यले सभामा प्रतिवेदन पेश नगरेमा अध्यक्षले तोकेको सोही समितिको कुनै सदस्यले प्रतिवेदन पेश गर्नु पर्दछ । विषयगत समितिले आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले सम्पादन गरेका काम कारबाही समेटी तयार पारेको प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्दछ ।

समितिको लगातार पाँचवटा बैठकमा अनुपस्थित हुने सदस्यले सोको कारण सहितको सूचना सभापतिलाई दिनु पर्दछ र सोभन्दा बढी अवधिको भएमा अध्यक्षलाई दिई स्वीकृत गराउनु पर्दछ । यस्तो सूचना नदिने सदस्यलाई सभापतिको सिफारिसमा अध्यक्षले समितिबाट हटाउन सक्ने व्यवस्था रहेको छ ।

महासचिव, सचिव र समिति सचिवले सभापतिको अनुमति लिई समितिको कार्यविधि र विचाराधीन विषयमा आफ्नो राय दिन सक्दछन् । समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्दछन् ।

समितिमा विचाराधीन विषयसँग कुनै सदस्यको व्यक्तिगत स्वार्थ गाँसिएको भए सो विषयको छलफल र निर्णयमा उक्त सदस्यले भाग लिन हुँदैन । समितिले आफूलाई तोकिएको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा मात्र छलफल, अध्ययन एवं अनुगमन गर्न पाउदछ । अन्य समितिको कार्यक्षेत्र भित्र पर्ने विषयका सम्बन्धमा छलफल, अध्ययन एवं अनुगमन गर्नुपर्ने अवस्था परेमा अध्यक्षको पूर्व स्वीकृति लिनु पर्दछ । समितिका कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा अध्यक्षको निर्णय अन्तिम हुन्छ ।

# परिच्छेद - २ : समितिको वार्षिक काम कारबाहीको विवरण

## २.१ कार्यक्षेत्रभित्रका विषयमा सम्बन्धित निकायहरुसँग छलफल, सुझाव तथा निर्देशनहरु

### २.१.१ समितिमा छलफल मात्र भएका विषयहरु :

समितिले आफ्नो कामकारवाहि अगाडि बढाउने आम नागरिकको चासोको विषय बनेका महत्वपूर्ण समसामयिक विषयहरुमा सम्बन्धीत मन्त्रालय तथा निकायहरुसंग छलफल गरि जानकारी लिएको थियो । समितिले थप छलफलको लागि पूर्व तयारीको रुपमा यर्थाथ विवरण बुझ्न आधिकारीक निकायसंग गरिएका त्यस्ता छलफलहरुमा कुनै महत्वपूर्ण निर्देशनहरु नदिईएको भएता पनि त्यस्ता छलफलहरुले समितिलाई थप कार्यक्रमहरु सञ्चालन गर्न सहज बनाएका थिए । आ.व.२०७७/०७८ मा भएका त्यस्ता छलफलहरु निम्नानुसार उल्लेख गरिएको छ :-

- समितिको मिति २०७७/०४/०१ बैठकमा समितिको कार्यक्षेत्र अन्तर्गत परराष्ट्र र राष्ट्रिय सुरक्षा सम्बन्धमा त्रिभुवन विश्वविद्यालय का अन्तर्राष्ट्रिय सम्बन्ध तथा कुटनीति विभागका प्रमुख डा.खड्क के.सी बाट कार्यपत्र प्रस्तुतीकरण भई सो माथी छलफल एको थियो ।।
- समितिको मिति २०७७ पुष २१ गते बसेको बैठकमा विज्ञ श्री खिमलाल देवकोटालाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभई सो माथि छलफल गरेको थियो ।
- आज मिति २०७७/११/०२ गते बसेको बैठकमा लैङ्गिक हिंसा विरुद्ध सहकार्यकालागि अभियान्ताहरुसंग छलफल भएको थियो ।
- समितिको मिति २०७७/१२/०६ गते बसेको बैठकमा नेपाली समाजमा बढ्दै गएको सामूहिक र व्यक्तिगत आत्महत्या सन्दर्भमा यसका कारण र समाधानको उपायबारे प्रहरी महानिरिक्षक श्री शैलेश थापा क्षेत्री, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि डा. मीरा राई र त्यसै क्षेत्रमा काम गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरु संग छलफल भएको थियो ।
- समितिको मिति २०७७/१२/१८ गते बसेको बैठकमा राष्ट्रिय जनगणना २०७८ को तयारी र भावी कार्ययोजना सम्बन्धमा राष्ट्रिय योजना आयोगका सदस्य र केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकसँग छलफल भएको थियो ।
- समितिको मिति २०७८/०३/११ गते बसेको बैठकमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सम्बन्धमा भएका कामकारवाहि र आगामि कार्ययोजनाका सम्बन्धमा गृह मन्त्रालयका सचिव र राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशकसंग छलफल भएको थियो ।
- समितिको मिति २०७८/०३/२२ गतेको बैठकमा कोभिड-१९ को सक्रमणले शिक्षा क्षेत्रमा पारेको प्रभाव र आगामि कार्ययोजना सम्बन्धमा शिक्षाविद्हरु विद्यानाथ कोईराला र विमल कुमार फुयाँलसंग छलफल भएको थियो ।
- समितिको मिति २०७८/०३/२५ गतेको बैठकमा कोभिड-१९ को सक्रमणको प्रबृती, यसको रोकथाम र नियन्त्राणकालागि गर्नुपर्ने तयारी तथा सरकारको आगामी कार्यदिशा सम्बन्धमा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि डा. शेर बहादुर पुन र जनस्वास्थ्य विज्ञ डा. अर्जुन कुमार काकीले कार्यपत्र प्रस्तुत गर्नुभई सो सम्बन्धमा छलफल भएको थियो ।

- समितिको मिति २०७८/०३/२८ गतेको बैठकमा कोभिड-१९ को संक्रमण नियन्त्रण तथा रोकथामका लागि गरिएका प्रयास र नीतिगत तथा कानूनी रुपमा गर्नुपर्ने सुधारहरुका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि ढा. गुणराज लोहनी तथा बरिष्ठ स्वास्थ्य विज्ञ डा. शुसिल बरालबाट कार्यपत्र प्रस्तुत भई सो सम्बन्धमा छलफल भएको थियो ।

### २.१.२ समितिमा छलफल भई सम्बन्धित निकायलाई दिएका सुझाव तथा निर्देशनहरु

सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिहरुले आफ्नो क्षेत्राधिकारभित्रका विाष्यहरुमा सरकारबाट भए गरेका नियमित तथा आकस्मिक काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिनसक्ने राष्ट्रिय सभा नियमावलीमा व्यासथा रहेको छ । सोहि व्यावस्था बमोजिमभ यस समितिले आ. व. २०७७/०७८ मा समितिको क्षैत्राधिकार भित्रका विभिन्न विषयहरुमा सम्बन्धित निकायहरुलाई दिएका सुझाव तथा निर्देशनहरु देहाय रहेका छन्:-

**राष्ट्रिय गौरवका आयोजनासँग सम्बन्धित निर्देशनहरु :**

समितिको मिति २०७७/०४/१४ गतेको बैठकमा माननीय अर्थमन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, ऊर्जा,जलस्रोत तथा सिँचाई मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति,पर्यटन तथा नागरिक उडड्ययन मन्त्रालयका सचिवज्यूहरुसंग राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको काम कारबाहीको अवस्था र आयोजना सञ्चालनको क्रममा देखा परेका समस्याका सम्बन्धमा छलफलभए पश्चात् देहाय बमोजिम निर्देशन दिईएको थियो :-

- राष्ट्रिय गौरवका आयोजना निर्माणको क्रममा गुणस्तरीयतामा ध्यान नदिई गम्भीर त्रुटी गर्ने र उक्त त्रुटी स्वीकृत गर्ने जिम्मेबार पदाधिकारीको कारणबाट जनधनको क्षती पुऱ्याउने अवस्था मेलम्ची खानेपानी आयोजनामा देखिएकोले त्यस्तो गम्भीर क्षती पुऱ्याउने गरी डिजाईजन परिर्वतन गर्ने पदाधिकारीलाई कानूनी कार्वाही गर्न र अब यस्ता गल्ती नदोहऱ्याउने तर्फ समयमै सचेत गराउने ।
- राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनको सन्दर्भमा अन्तर मन्त्रालय समन्वयको अभावबाट काममा ढिलाई गर्ने अवस्था अझै पनि विद्यमान देखिएकोले मन्त्रालयहरुवीच समयमै समन्वय गरी समस्या समाधान गर्ने र नीतिगत निर्णय आवश्यक भए सम्बन्धित निकायमा समयमै पेश गर्ने ।
- आयोजना सम्पन्न गर्न कहाँ कहाँ के कस्ता चुनौतीहरु छन् तिनको विस्तृत अध्ययन गरि पूर्व सजगता अपनाउने ।
- आयोजना निमार्णको क्रममा अधिग्रहण भएका घर,जग्गा,गोठ,पर्खाल आदि संरचनाको मुअब्जा दिदा परम्परा देखि स्थानीय स्तरमै बस्दै आएका जग्गाधनि र मुअब्जा बाट नाफा कमाउने उदेश्यले पछि खरिद बिक्रि भई दोस्रो,तेस्रो हुदैं नामसारी भएका जग्गाधनिलाई लाभकरमा सामाजीक न्यायको आधारमा फरक फरक लाभकर नीति तय गर्नुपर्ने ।

**कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणसँग सम्बन्धित र्निदेशनहरु :**

समितिको मिति २०७७/०६/०८ गतेको बैठकमा Covid–19 को संक्रमण सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूसंग भएको छलफल पश्चात् देहाय बमोजिम निर्देशन दिईएको थियो :-

१. नेपाल सरकारले विभिन्न कठिनाईको बावजुदपनि Covid–19 को संक्रमणलाई नियन्त्रण गर्न र बिरामीहरुको व्यवस्थापन गर्न खेलेको महत्वपूर्ण भूमिका र फन्ट लाइनमा कार्यरत डाक्टर, नर्स, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, एम्बुलेन्स एवं शववाहन चालकहरु प्रति हार्दिक धन्यावद ज्ञापन गर्दै, समिति कोभिड-१९ संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

२. डाक्टर, स्वास्थ्यकर्मी र कानूनविद्हरुसँग परामर्श गर्दा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विद्यमान कानुनका कारणले, औषधिहरु प्रयोग गर्न, खोप आयात गर्न तथा नयाँ प्रविधिलाई प्रयोगमा ल्याउन कठिनाई भएको भन्ने बुझिएकोले यी कानुनलाई आवश्यकता अनुसार अधावधिक गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।

३. Covid–19 वा अन्य कारणले कुनै अस्पतालको आकष्मिक कक्षमा पुगेका इमर्जेन्सी अवस्थाका बिरामीहरुले उपचार पाउन नसकि केही बिरामीको मृत्य भएको भन्ने जनगुनासो पनि सुनिन आएको सन्दर्भ यस्ता इमर्जेन्सी परेका बिरामीको जीवन रक्षा गर्नु अस्पतालहरुको कर्तव्य रहेकोले, इमर्जेन्सी अवस्थाका बिरामीलाई अन्य अस्पतालमा पठाउनु पर्ने भएमा सोहि पहिलो अस्पताल बाटै सम्बन्धित अर्को अस्पतालमा पठाउने व्यवस्था मिलाई बिरामीको जीवन रक्षामा विशेष ध्यान दिने र आवश्यक पर्दा निजी, गैरसरकारी तथा सामाजिक संघ संस्थाको समेत सहयोग लिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।

४. Covid–19 को संक्रमण नियन्त्रण गर्न तथा सो सम्बम्धमा मानोवैज्ञानीक परामर्श समेत दिन तीन तहका सरकारी संयन्त्रको प्रभावकारी संचालन सहित, निजी क्षेत्र, राजनैतिक दल तथा सामाजिक संघ, संस्था सहितको आम जनताको बिच सचेतना अभियान संचालनको व्यवस्था मिलाउन सुझाव दिने ।

५. Covid–19 को संक्रमण निरन्तर बढी रहेको सन्र्दभमा हाल अवलम्बन गरिएको Phone call based contact tracing लाई उपयुक्त Contact tracing application तयार गरि प्रविधिमैत्री- Apps मार्फत contact tracing गरी Hotspot पहिचान गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।

६. Home Isolation मा बसेका लक्षण नदेखिएको संक्रमित बिरामीहरुको रेखदेख, आवश्यक औषधी उपचार र अनुगमनको लागि स्थानिय तहसँग समन्वय गरी डाक्टर वा स्वास्थ्य स्वयम सेवक खटाउने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।

७. नेपालीहरुको ठूला चाडपर्वहरु नजिकिदै आइरहेको अवस्थामा मानिसहरुको देश भित्र र बाहिरबाट समेत व्यापक आवत जावत हुने भएकोले अनिवार्य रुपमा स्वस्थ्य मापदण्ड तयार पारी स्थानिय तह

सम्म व्यापक रुपमा चेतना फैलाउन आवश्यक देखिन्छ । स्वास्थ्य मन्त्रालयले चाडपर्व लक्षित विशेष स्वास्थ्य स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाउन सुझाव दिने ।

८. ऋयखष्म( ज्ञढ का कारणले ल्यल( ऋयखष्म बिरामीहरुलाई परेको असुविधा, शल्य चिकित्साका पालो कुरेर बसेका बिरामीहरु साथै दीर्घ रोगीहरुले यथा समयमा उपचार पाउन नसकेको अवस्थालाई मध्यनजर गर्दै यस्ता बिरामीहरुको उपचारका लागि वैकल्पिक व्यवस्था वा यथाशिघ्र उपयुक्त व्यवस्थापन गरी नागरिकको स्वास्थ्य सम्बन्धी हक कार्यान्वय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।

समितिको मिति २०७७ पुष २७ गतेको बैठकमा समितिले आयोजना गरेको Impact of COVID–19 & Government Vaccination Plan विषयक अन्तरक्रिया कार्यक्रममा भएको प्रस्तुतीकरण, छलफल र उठाइएको विषयहरुको समिक्षा गर्दै देहाय बमोजिमको निर्देशन दिईएको थियो :-

१. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण गर्न, भाईरसको Second Wave आउन सक्ने अवस्थालाई मध्यनजर गरी थप सतर्कता र स्वास्थ्य सुरक्षा कायम गर्न तथा कोभिड-१९ विरुद्धको खोप व्यवस्थापन गरी योजनावद्ध रुपमा खोप वितरण कार्य गर्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबिचको समन्वयमा तत्काल आवश्यक प्रक्रिया अगाडी बढाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।
२. अन्तर्राष्ट्रिय बजारमा कोरोना विरुद्धको खोपको उपलब्धता, खोपको प्रभावकारिता, मूल्य वा निशुल्क प्राप्त गर्न सक्ने अवस्था र भण्डारण गर्न आवश्यक तापक्रम जस्ता पक्षको अध्ययन सम्पूर्ण नेपाली नागरिकहरुलाई खोप उपलब्ध गराउने गरी छिमेकी मुलुक लगायत अन्य मुलुकका सरकारहरु तथा विभिन्न खोप निर्माता कम्पनीहरुसँग सम्पर्क/समन्वय गरी यथाशिघ्र खोप उपलब्ध गराउन खरिद सम्झौता, अग्रिम बुकिङ्ग लगायतका प्रकृया योजनावद्ध ढंगले अगाडि बढाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।
३. हाल निशुल्क वितरण गरिएका विभिन्न रोग विरुद्धका खोप लगायत अन्य खोपहरुको खरिदमा बर्षेनि राज्यले ठूलो धनराशी खर्च गर्नुपर्ने भएको सन्दर्भमा सम्भाव्यता अध्ययन गरी खोप उत्पादन र विकासका लागि राज्यले छुट्टै संरचना निर्माण गर्न र सोको लागि आवश्यक ल्याब, दक्ष जनशक्ति तथा स्रोत साधन व्यवस्थापनको अध्ययन अनुसन्धान सहित योजना वनाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।
४. देशभित्र पाइने विभिन्न बहुमुल्य जडीबुटीहरुको पहिचान र विकास गरी आर्युबेदिक औषधिहरुको उत्पादन गर्न अध्ययन तथा अनुसन्धानलाई जोड दिंदै प्रयाप्त रकम र जनशक्तिको व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।

**विपद व्यवस्थापनसंग सम्बन्धित निर्देशन :**

समितिको मिति २०७७।०६।१९ गतेको बैठकमा माननीय गृह मन्त्रीज्यू र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशकज्यूको उपस्थितीमा विपद व्यवस्थापन

सम्बन्धमा छलफल भई उक्त बैठकमा उठेका विषय र प्राप्त विवरणहरुको आधारमा समितिले देहाय बमोजिम निर्देशन दिईएको थियो :

१. प्राकृतिक प्रकोपको कारणबाट यस बर्ष सिन्धुपाल्चोक, बागलुङ्ग, म्याग्दी, पर्वत, गुल्मी, अर्घाखांची, स्याङ्गजा लगायत ४९ ओटा जिल्लामा बाढी पहिरोका कारण जनधनको क्षती भई पूर्वाधारको क्षती भएको हुनाले प्रकोपको सामाना एउटै मात्र निकायबाट हल नभई सामुहिक प्रयत्नबाट मात्र सामाधान तथा न्यूनिकरण गर्न सकिने भएकोले त्यस मन्त्रालयको पहलमा जोखिम पहिचान भएका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानन्तरण गर्ने प्रक्रिया प्रारम्भ गर्ने,

२. बाढि पहिरो जस्ता प्रकोपका कारण क्षतिग्रस्त सडक, पुलको निर्माण छिटो सुचारु गर्न सम्बन्धित निकायको ध्यानकर्षण गरी एकिकृत कार्ययोजना बनाई लागु गर्ने,

३.प्रकोप न्यूनिकरण तथा प्रकोप पछिको उद्धार राहात तथा पूनर्वासको लागि संघ,प्रदेश र स्थानीय सरकारले सामुहिक दायित्व बहन गरि एकद्वार प्रणलीबाट सहयोग वितरण प्रणालीको नीति ल्याउने,

४.विकासको नाममा प्रयोग भैरहेको डोजर सञ्चालन पूर्व भौगोलिक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायको अनुमतिमा मात्र संचालन गर्न तीनै तहको सरकारले आवश्यक नीति निर्माण गर्ने,

५.मौसम पुर्वानुमान प्रणालीको प्रभावकारितालाई स्थानिय तहसम्म स्थानीय भाषामा जनतालाई सुसुचित गर्न सरोकारवाला निकायले गृह मन्त्रालयको अगुवाईमा एकिकृत कार्य गर्ने ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०३/३१ गते बसेको बैठकमा समितिको अर्धबार्षिक कार्ययोजना, २०७८ (साउनदेखि पुष मसान्तसम्म) राष्ट्रिय गौरवको आयोजना अध्ययन तथा अनुगमन उपसमितिको म्यादथप, कोभिड-१९ संक्रमणको स्वास्थ्य क्षेत्रमा परेको प्रभाव र सुधार सम्बन्धमा मिति २०७८/०३/२५ र २८ को बैठक समेतका आधारमा देहाय बमोजिम निर्देशन दिईएको थियो :

(क) खोप व्यवस्थापन सम्बन्धमा :

- कोभिड-१९ विरुद्ध जुध्न खोप नै एक मात्र विकल्प रहेकोले खोप लगाउन योग्य सबै नेपालीहरुलाई यथाशिघ्र खोप उपलब्ध गराउन, खोप प्राप्त गर्न हाम्रा कुटनीतिक नियोगलाई थप प्रभावकारी ढंगले परिचालन गर्न निर्देशन दिने ।
- भारतमा निर्मित खोप कोभिसिल्डको पहिलो डोज लगााएका नागरिकहरु दोश्रो डोज नपाउँदा अन्यौलको अवस्थामा रहेका छन् । सोही वैज्ञानिक फर्मुलाको खोप भारत वा अन्य देशबाट यथाशिघ्र झिकाई दोस्रो डोज उपलब्ध गराउन आवश्यक पहल कदमी यथाशिघ्र लिन निर्देशन दिने ।
- खोप केन्द्रहरुमा ब्यापक भिड र अव्यवस्था देखिएकाले खोप केन्द्रहरु नै कोरोना हव बन्न सक्ने अवस्था आउन नदिन निजी क्षेत्र र अन्य स्वास्थ्य संस्थाहरुको सहकार्यमा खोप केन्द्रहरु विस्तार गरि स्वास्थ्य मापदण्डको पालना गरि खोप लगाउने व्यवस्था मिलाउन र जनघनत्व बढि भएका शहरी ईलाकाका टोलटोलमा खोप अभियान संचालन गर्न निर्देशन दिने ।
- अर्थतन्त्रलाई थप चलायमान बनाउन श्रमिक, उद्यमी, व्यवसायी र किसानलाई प्राथमिकतामा राखी खोप लगाउन योग्य सबै उमेर समूहका नागरिकहरुकालागि खोप अभियान सञ्चालन गर्न निर्देशन दिने ।
- २०७८ असार मसान्तसम्म कोभिड-१९ विरुद्धको कुन-कुनखोप कति-कति मात्रामा कहिले प्राप्त भयो र कति खोप लगाइसकेको छ सो सम्बन्धि विवरण तीन दिनभित्र उपलब्ध गराउन निर्देशन दिने ।

- कोभिड-१९ उपचार गर्न नेपाल सरकारले तोकेका निजी अस्पतालहरुले सरकार र विरामीहरुबाट समेत दोहोरो उपचार खर्च लिएको भन्ने गुनासो आएको सन्दर्भमा त्यस्ता अस्पतालहरुको कडा नियमन गरी दोषी पाइएमा तत्काल कार्यवाही प्रक्रिया अगाडी बढाउन र सो को जानकारी समितिलाई गराउन निर्देशन दिने ।

(ख) निजी अस्पतालतथा स्वास्थ्य संस्था सम्बन्धमा :

सरकारबाट कोभिड व्यवस्थापन मा भए गरेका कामकारबाही उन्साह जनक छन् । तर निजी क्षेत्रका अस्पतालहरुको नियमन गर्न नसक्दा बिरामीहरु उपचारकालागि चर्को शुल्क तिर्नु पर्दा ज्यादै ठूलो मर्का परेको गुनासो प्राप्त भईरहेको र Home Isolation मा रहेको कोभिड-१९ संक्रमितलाई आवश्यक स्वास्थ्य सुचना, स्वास्थ्य सेवा र परार्मश उपलब्ध गराउने बिषयमा ध्यानाकर्षण गराउँदै निजी क्षेत्रलाई नियमन, अनुगमन र निर्देशनका साथै सेवाको मूल्य निर्धारण गर्न विशेष व्यवस्था गर्न निर्देशन दिने ।

(ग) संस्थागतव्यवस्था सम्बन्धमा :

आर्थिक बर्ष २०७७/२०७८ को बजेट वक्तब्यमा उल्लेख भएका Central For Disease Control र Food and Drug Administration लाई स्रोत, साधन, अधिकार, आवश्यक जनशक्तिको व्यवस्था गरि साथै अन्तराष्ट्रिय अभ्यासहरुको समेत अध्ययन गरि स्थापना तथा संचालन गर्न निर्देशन दिने ।

(घ) स्वास्थ्य विमा सम्बन्धमा :

स्वास्थ्य परिक्षण र उपचार पद्दति मंहगो भएको सर्न्दभमा सबै नागरिकलाई स्वास्थ्य विमा अनिवार्य गर्ने साथै आर्थिक रुपमा विपन्न जनसंख्याको लगत राखि विपन्न परिवारहरुलाई निशुल्क स्वास्थ्य बिमा तिनै तहका सरकारको समन्वयमा यथाशिध्र लागु गर्न निर्देशन दिने ।

(ङ) थपआउन सक्ने waveको तयारी र समन्वयसम्बन्धमा

तिनै तहका सरकारद्धारा संचालित स्वास्थ्य संस्था र अस्पतालहरु बिचमा समन्वयमा कमि देखिएको छ । स्वास्थ्य सामग्री खरिद गर्ने तर संचालनमा ल्याउन नसक्ने, जनशक्तिको अभाव भएको गुनासो व्यापक रुपमा आएको छ । कोभिड - १९ को थप आउन सक्ने wave को व्यवस्थापन गर्न पूर्वतयारीहरु गर्न जरुरी छ । जनचेतना अभिवृद्धि गर्दै स्वास्थ्य संस्थाहरु र अस्पतालहरु बीचको समन्वयमा, बिरामीलाई Referral System मा विशेष रुपमा ध्यानाकर्षण हुन जरुरी देखिन्छ । स्वास्थ्य संस्थाहरु, अस्पतालको र पालिका स्तरमा समन्वय नहुँदा योजनाहरु कार्य सम्पादन र प्रतिकार्य निर्माणमा गम्भीर समस्या भै हाम्रो स्वास्थ्य प्रणाली माथि गम्भीर असर पर्ने देखिन्छ । यस तर्फ ध्यानाकर्षण गराउदै आवश्यक नयाँ नीति तथा कानून निर्माण गर्न निर्देशन दिने ।

(च) महिला हिंसासम्बन्धमाः

कोभिड -१९ काकारणले नेपाली महिलाहरु महिला हिंसाबाट व्यापक रुपमा प्रभावित भएको पाइएको छ । महिलाहरुको व्यापक रुपमा रोजगारी गुमेको छ । घरायसी साथै अन्य महिला कामदारहरुको ज्याला कटौती गरिएको छ वा पाएका छैनन् । अनुउत्पादक कामको भार बढेको छ । यस्तो अवस्थामा महिलाहरु माथि हुने गरेको हिंसाको अवस्था हेरि औषधी उपचार गर्नुपर्ने अवस्थामा निशुल्क रुपमा उपचार गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

(छ) कोरोना भाईरसको संक्रमणको त्रासले नागरिकहरुमा मनोबैज्ञानिक असर देखिएको अवस्थालाई मध्यनजर राखि समुदाय स्तरमा यथाशिघ्र मनोसामाजिक परामर्श दिने अभियान सञ्चालन गर्न निर्देशन दिने ।”

**नेपालको संविधानको भाग २७ अन्तर्गत रहेका अन्य आयोगहरु संग सम्बन्धित निर्देशन :**

समितिको मिति २०७७।०६।१३ र १४ गतेको बैठकमा नेपालको संविधानको भाग २७ अन्तर्गत रहेका अन्य आयोगहरुका विषयमा तत् आयोगका पदाधिकारी तथा सचिवज्यूहरुसँग आयोगहरुको कामकारबाहीको अवस्थाबारे छलफल भई वैठकहरुमा उठेका विषय र प्राप्त विवरणहरुको आधारमा देहाय बमोजिम निर्देशन दिईएको थियो :

१. नेपालको संविधानको भाग २७ मा रहेका अन्य आयोगहरुमा संविधान जारी भएको पाँच वर्ष वितिसक्दा पनि आयोगका प्रमुख तथा पदाधिकारीहरु नियुक्त हुन नसक्दा संविधानको मर्म तथा भावना अनुकुल आयोगहरुले कार्य सम्पादन गर्न सकेको देखिएन । यसर्थ सम्पूर्ण संवैधानिक आयोगहरुमा रिक्त रहेका प्रमुख तथा पदाधिकारीका पदहरुमा अविलम्ब नियुक्ति गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने ।

२. आयोगको पूर्वाधार, जनशक्ति र बजेटको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था नेपाल सरकारले गर्ने :-
क) आयोगलाई चाहिने न्यूनतम भौतिक पूर्वाधारयुक्त भवन नभएकोले आयोगलाई काम गर्न सहज हुने उपयुक्त कार्यालयको व्यवस्था गर्ने ,
ख) आयोगको उदेश्य अनुरुप काम गर्नको लागी प्रर्याप्त जनशक्ति नभएकोहुनाले आयोगले माग गरे बमोजिम दरबन्दी अनुसारको कर्मचारीको पदपूर्ति सम्बन्धित निकायले गर्ने र छिटो छिटो सरुवा गर्ने परिपाटी अन्त गर्ने ,
ग) बजेटको अभावका कारण आयोगहरुले आफ्नो विषयमा अध्ययन अनुसन्धानमा खासै जान नसकेको कारण लक्षित उद्देश्य हासिल नभई आयोगको प्रभावकारिता नदेखिएको हुनाले अध्ययन अनुसन्धान गर्ने गरी बजेटको व्यवस्था सम्बन्धित निकायले सम्बोधन गर्ने नेपालको संविधानको भाग २७ अन्तर्गत संवैधानिक आयोगको व्यवस्था गरिएका र यी आयोगहरुले आफ्नो औचित्य सावित गर्ने जिम्मेवारी पनि उक्त आयोगहरुमा रहेको छ । संविधानको धारा २६५ ले पुनरावलोकन गर्ने संवैधानिक प्रावधान समेत रहेकोले आयोगमा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको समुचित व्यवस्थापन मार्फत आफ्नो कार्यक्षेत्रभित्र प्रभावकारी कार्यसम्पादन गरि सबै वर्ग, क्षेत्र र सम्प्रदायका नागरिकलाई मूलधारमा ल्याउन सशक्त भूमिका निर्वाह गर्न सात वटै आयोगलाई निर्देशन दिने ।

## २.२ विवरण तथा जानकारी माग

समितिको कार्यक्षेत्र अन्तर्गत रहेका २३ वटा राष्ट्रिय गौरवका आयोजनाको सम्बन्धमा विस्तृत अध्ययन, छलफल, अन्तरक्रिया तथा स्थलगत अवलोकन गरि आयोजनाको यथाथर्ग अवस्था र यथाशिघ्र आयोजना सम्पन्न गर्नका लागि सुझाव तथा निर्देशनहरु सहितको प्रतिवेदन समितमा पेश गर्न समितिको मिति २०७७/०९/२८ को निर्णयानुसार देहाय बमोजिमका माननीय सदस्यहरु संयोजक तथा सदस्य रहने राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति क, ख, र ग गठन भएका थिए :-

### राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (क)

| क.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | उपसमितिका मा. सदस्यहरु |
|---|---|---|
| १. | मेलम्ची खानेपानी आयोजना | संयोजक मा.रामचन्द्र राई<br>सदस्य मा.इन्दु कडरीया<br>सदस्य मा.गोपी बहादुर सार्की अछामी<br>सदस्य मा.दिपा गुरुङ |
| २. | सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना | |
| ३. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | |
| ४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | |
| ५. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | |
| ६. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | |
| ७. | रानीजमरा कुलरीया सिंचाइ आयोजना | |

### राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ख)

| क.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | उपसमितिका मा. सदस्यहरु |
|---|---|---|
| १. | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | संयोजक मा. अनिता देवकोटा |

| | | |
|---|---|---|
| २. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | सदस्य मा. इन्दिरा गौतम<br>सदस्य मा. खिमलाल भट्टराई<br>सदस्य मा.नारायणकाजी श्रेष्ठ<br>सदस्य मा. सुमनराज प्याकुरेल |
| ३. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा | |
| ४. | लुम्बिनी क्षेत्र विकास कोष | |
| ५. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | |
| ६. | बुढी गण्डकी जलविद्युत आयोजना (जलाशययुक्त) | |
| ७. | पशुपति क्षेत्र विकास कोष | |

## राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ग)

| क.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | उपसमितिका मा. सदस्यहरु |
|---|---|---|
| १. | हुलाकी लोकमार्ग आयोजना | संयोजक मा.शेखर कुमार सिंह<br>सदस्य मा. उदया शर्मा पौड्याल<br>सदस्य मा. कोमल वली<br>सदस्य मा. राम लखन चमार |
| २. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | |
| ३. | पश्चिम सेती जलबिद्युत आयोजना | |
| ४. | बबई सिंचाइ आयोजना | |
| ५. | सिक्टा सिंचाइ आयोजना | |
| ६. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग आयोजना | |
| ७. | रेल्वे तथा मेट्रो विकास आयोजना | |
| ८. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | |

उपरोक्त उपसमितिहरुले आफ्नो क्षेत्राधिकार भित्रका राष्ट्रिय गौरवका आयोजनाहरुको अध्ययन अगाडी बढाउने क्रममा सम्बन्धीत आयोजना हरुसंग देहाय बमोजिमको विवरण माग गरेका थिए :-

**<u>माग गरिएको विवरणः</u>**

१. राष्ट्रिय गौरवका आयोजनाको संक्षीप्त विवरण ।
२. राष्ट्रिय गौरवका आयोजनाले पर्यावरणमा पार्ने प्रभाव, आयोजनाको तयारी, ठेक्का प्रक्रिया, लागत अनुमान, सम्झौतित रकम, सम्पन्न हुनुपर्ने समय, थप समय र लागत ।
३. राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको मुख्य उपलब्धी ।
४. राष्ट्रिय गौरवका आयोजनाहरु कार्यान्वयनमा देखिएका समस्या र चुनौतिहरु तथा समयमा सम्पन्न हुन नसक्नुका कारणहरु, सम्बन्धित जिम्मेवार पक्ष, जिम्मेवारी बमोजिम कार्य सम्पन्न नगर्ने पक्षलाई गरिएका कारवाही र समयमा सम्पन्न गर्नको लागि लिनुपर्ने नीतिगत, कानूनी, व्यवस्थापकीय, स्रोतगत, प्रविधिगत लगायतका उपायहरुको सुझावहरु ।
५. आयोजनाहरु सहजरुपमा सचालन गर्न र समयमा सम्पन्न गर्न समितिसँग राखिएको अपेक्षा ।

साथै राष्ट्रिय गौरवका आयोजनाहरुको शैद्धान्तिक पक्षबारे उपसमितिहरुको तर्फबाट राष्ट्रिय योजना आयोग संग देहायबमोजिमको विवरण माग गरिएको थियो -

**<u>माग गरिएको विवरण</u>**

१. राष्ट्रिय गौरवको आयोजनाको अवधारणा, उदेश्य, नीतिगत/कानूनी ब्यबस्था,
२. आयोजनाहरुको छनौटको मापदण्ड तथा आधार,
३. लगानी वा स्रोतको सुनिश्चितता,
४. व्यवस्थापन तथा संचालन मोडल,
५. आयोजना कार्यान्वयनमा देखीएका समस्या, समस्या समाधानको लागि भावि कार्य योजना र
६. आयोजनाहरु सहजरुपमा सचालन गर्न र समयमा सम्पन्न गर्न समितिसँग राखिएको अपेक्षा ।

त्यसैगरी समितिको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदनको तयारीको सन्दर्भमा समितिकोल मिति २०७८/०३/३१ को निर्णयानुसार आ.व. २०७७/०७८ मा यस समितिले नेपाल सरकारका विभिन्न निकायहरुलाई दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्था बारे सम्बन्धीत निकायलाई जानकारी माग गरिएको थियो ।

## २.३ समिति अन्तर्गत गठित उपसमितिहरुमा भएका छलफल

समितिको मिति २०७७/०९/२८ को निर्णयानुसार गठित राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति क, ख, र ग ले आफ्नो क्षेत्राधिकार भित्रका राष्ट्रिय गौरवका आयोजनाहरुको अध्ययन अगाडी बढाउने क्रममा सम्बन्धीत आयोजना हरुसंग विवरणहरु माग गरि अध्ययन गरे पश्चात् सम्बन्धीत आयोजना प्रमुखहरुलाई उपसमितिको बैठकमा आमन्त्रण गरि आयोजनाको अवस्थाबारे थप जानकारी लिएका थिए । जसको विवरण निम्नानुसार रहेको छ :-

### राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (क)

| क.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | आयोजना प्रमुख संग छलफल भएको मिति |
|---|---|---|
| १. | मेलम्ची खानेपानी आयोजना | |
| २. | सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना | |
| ३. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | |
| ४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | |
| ५. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | |
| ६. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | |
| ७. | रानीजमरा कुलरीया सिंचाइ आयोजना | |

### राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ख)

| क.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | आयोजना प्रमुख संग छलफल भएको मिति |
|---|---|---|
| १. | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | |
| २. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | |
| ३. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा | |
| ४. | लुम्बिनी क्षेत्र विकास कोष | |
| ५. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | |
| ६. | बुढी गण्डकी जलविद्युत आयोजना (जलाशययुक्त) | |
| ७. | पशुपति क्षेत्र विकास कोष | |

### राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ग)

| क.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | आयोजना प्रमुख संग छलफल भएको मिति |
|---|---|---|
| १. | हुलाकी लोकमार्ग आयोजना | |
| २. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | |
| ३. | पश्चिम सेती जलविद्युत आयोजना | |
| ४. | बबई सिंचाइ आयोजना | |
| ५. | सिक्टा सिंचाइ आयोजना | |
| ६. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग आयोजना | |
| ७. | रेल्वे तथा मेट्रो विकास आयोजना | |

| | | |
|---|---|---|
| ८. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | |

## २.४ अभिमुखीकरण कार्यक्रमहरु

यस आ.व.मा कोरोना संक्रमणको प्रभावले विगतका वर्षहरुमाजस्तो गरी प्रयाप्त अभिमूखिकरण कार्यक्रमहरु सम्पन्न हुन सकेनन् । समितिको २०७७ श्रावाण १ गतेको बैठकमा  परराष्ट्र र राष्ट्रिय सुरक्षा सम्बन्धमा त्रिभुवन विश्वविद्यालय का अन्तर्राष्ट्रिय सम्बन्ध तथा कुटनीति विभागका प्रमुख डा.खड्क के.सी बाट कार्यपत्र प्रस्तुत भएको थियो भने मिति २०७७ मंसिर २१ गतेको बैठकमा संघीयता विज्ञ डा. खिमलाल देबकोटाबाट सघीयता कार्यान्वयनका सम्बन्धमा कार्यपत्र प्रतुत भएको थाये । समितिको कार्यक्षेत्र अन्तर्गत रहेका २३ वटा राष्ट्रिय गौरवका आयोजनाको सम्बन्धमा विस्तृत अध्ययन, छलफल, अन्तरक्रिया तथा स्थलगत अवलोकन गरि आयोजनाको यथाथर्ग अवस्था र यथाशिघ्र आयोजना सम्पन्न गर्नका लागि सुझाव तथा निर्देशनहरु सहितको प्रतिवेदन समितमा पेश गर्न समितिको मिति २०७७/०९/२८ को निर्णयानुसार गठित राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति क, ख, र ग ले राष्ट्रिय गौरवका आयोजना सम्बन्धमा जानकारी लिन नेपाल सरकारका पूर्वसचिव डा तुलसि प्रसाद सिटौला लाई विज्ञको रुपमा आमन्त्रण गरि सम्पन्न गरेका अभिमुखिकरण कार्यक्रमहरुको विवरण देहाय बमोजिम रहेको छ :-

| उपसमिति | अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको मिति |
|---|---|
| राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (क) | |
| राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ख) | |
| राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ग) | |

## २.५ समितिका महत्वपूर्ण निर्देशन तथा सूझावहरुको कार्यान्वयनको अवस्था

राष्ट्रिय सरोकार तथा समन्वय समितिले आ.व. ०७६।७७ मा आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न विषयमा सम्बन्धीत निकाय तथा पदाधिकारी हरुलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल गरे पश्चात् समितिले दिएका निर्देशनहरु आंशिक रुपमा मात्रै कार्यान्वयन भएको देखिन्छ । यस अवधिका समितिका महत्वपूर्ण निर्देशनहरु तथा सो को कार्यान्वयनको अवस्थालाई तल उल्लेख गरिएको छ । यसको अलावा समितिले आफैं सम्पादन गर्नु पर्ने कार्यहरुको हकमा सरोकारवाला मन्त्रालय तथा निकायले समय उपलब्ध गराउन नसकेका कारण कतिपय बैठक तथा छलफल कार्यक्रमहरु सम्पन्न हुन सकेनन् भने विश्वव्यावपी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण पनि समितिका कतिपय काम कारबाहीहरु स्थगित गर्नु पर्ने अवस्था समेत सिर्जना भयो ।

| मिति | सरकारलाई दिईएको निर्देशनहरु | कार्यान्वयन अवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| २०७७/०४/१४ | समितिको आजको बैठकमा माननीय अर्थमन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, ऊर्जा,जलस्रोत तथा सिँचाई मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति,पर्यटन तथा नागरिक उडड्‍ययन मन्त्रालयका सचिवज्यूहरुसंग राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको काम कारबाहीको अवस्था र आयोजना सञ्चालनको क्रममा देखा परेका समस्याका सम्बन्धमा छलफलभए पश्चात्  देहाय बमोजिम निर्णय भयो :-<br>➢ राष्ट्रिय गौरवका आयोजना निर्माणको क्रममा गुणस्तरीयतामा ध्यान नदिई गम्भीर त्रुटी गर्ने र उक्त त्रुटी स्वीकृत गर्ने जिम्मेबार पदाधिकारीको कारणबाट जनधनको क्षती पुऱ्याउने अवस्था मेलम्ची खानेपानी आयोजनामा देखिएकोले त्यस्तो गम्भीर क्षती पुऱ्याउने गरी डिजाईजन परिर्वतन गर्ने पदाधिकारीलाई कानूनी कार्वाही गर्न र अब यस्ता गल्ती नदोहऱ्याउने तर्फ समयमै सचेत गराउने ।<br>➢ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनको सन्दर्भमा अन्तर मन्त्रालय समन्वयको अभावबाट काममा ढिलाई गर्ने अवस्था अझै पनि विद्यमान देखिएकोले मन्त्रालयहरुवीच समयमै समन्वय गरी समस्या समाधान गर्ने र नीतिगत निर्णय आवश्यक भए सम्बन्धित निकायमा समयमै पेश गर्ने ।<br>➢ आयोजना सम्पन्न गर्न कहाँ कहाँ के कस्ता चुनौतीहरु छन् तिनको विस्तृत अध्ययन गरि पूर्व सजगता अपनाउने ।<br>➢ आयोजना निमार्णको क्रममा अधिग्रहण भएका घर,जग्गा,गोठ,पर्खाल आदि संरचनाको मुअब्जा दिदा परम्परा देखि स्थानीय स्तरमै बस्दै आएका जग्गाधनि र मुअब्जा बाट नाफा कमाउने उदेश्यले पछि खरिद बिक्रि भई दोस्रो,तेस्रो हुदैं नामसारी भएका जग्गाधनिलाई लाभकरमा सामाजीक न्यायको आधारमा फरक फरक लाभकर नीति तय गर्नुपर्ने । | |
| २०७७/०६/०८ | समितिको मिति २०७७/०६/०८ गते बसेको बैठकमा Covid–19 को संक्रमण सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या | |

| | | |
|---|---|---|
| | मन्त्रालयका सचिवज्यूसंग भएको छलफल पश्चात् देहाय बमोजिम निर्देशन दिने निर्णय गरियो ।<br>१. नेपाल सरकारले विभिन्न कठिनाईको बावजुदपनि Covid–19 को संक्रमणलाई नियन्त्रण गर्न र बिरामीहरुको व्यवस्थापन गर्न खेलेको महत्वपूर्ण भूमिका र फ्रन्ट लाइनमा कार्यरत डाक्टर, नर्स, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, एम्बुलेन्स एवं शववाहन चालकहरु प्रति हार्दिक धन्यावद ज्ञापन गर्दै, समिति कोभिड-१९ संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।<br>२. डाक्टर, स्वास्थ्यकर्मी र कानूनविद्हरुसँग परामर्श गर्दा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विद्यमान कानुनका कारणले, औषधिहरु प्रयोग गर्न, खोप आयात गर्न तथा नयाँ प्रविधिलाई प्रयोगमा ल्याउन कठिनाई भएको भन्ने बुझिएकोले यी कानुनलाई आवश्यकता अनुसार अधावधिक गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>३. Covid–19 वा अन्य कारणले कुनै अस्पतालको आकष्मिक कक्षमा पुगेका इमर्जेन्सी अवस्थाका बिरामीहरुले उपचार पाउन नसकि केही बिरामीको मृत्य भएको भन्ने जनगुनासो पनि सुनिन आएको सन्दर्भ यस्ता इमर्जेन्सी परेका बिरामीको जीवन रक्षा गर्नु अस्पतालहरुको कर्तव्य रहेकोले, इमर्जेन्सी अवस्थाका बिरामीलाई अन्य अस्पतालमा पठाउनु पर्ने भएमा सोहि पहिलो अस्पताल बाटै सम्बन्धित अर्को अस्पतालमा पठाउने व्यवस्था मिलाई बिरामीको जीवन रक्षामा विशेष ध्यान दिने र आवश्यक पर्दा निजी, गैरसरकारी तथा सामाजिक संघ संस्थाको समेत सहयोग लिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>४. Covid–19 को संक्रमण नियन्त्रण गर्न तथा सो सम्बम्धमा मानोवैज्ञानीक परामर्श समेत दिन तीन तहका सरकारी संयन्त्रको प्रभावकारी संचालन सहित, निजी क्षेत्र, राजनैतिक दल तथा सामाजिक संघ, संस्था सहितको आम जनताको बिच सचेतना अभियान संचालनको व्यवस्था मिलाउन सुझाव दिने । | |

| | | |
|---|---|---|
| | ५. Covid–19 को संक्रमण निरन्तर बढी रहेको सन्दर्भमा हाल अवलम्बन गरिएको Phone call based contact tracing लाई उपयुक्त Contact tracing application तयार गरि प्रविधिमैत्री- Apps मार्फत contact tracing गरी Hotspot पहिचान गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>६. Home Isolation मा बसेका लक्षण नदेखिएको संक्रमित बिरामीहरुको रेखदेख, आवश्यक औषधी उपचार र अनुगमनको लागि स्थानिय तहसँग समन्वय गरी डाक्टर वा स्वास्थ्य स्वयम सेवक खटाउने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>७. नेपालीहरुको ठूला चाडपर्वहरु नजिकिदै आइरहेको अवस्थामा मानिसहरुको देश भित्र र बाहिरबाट समेत व्यापक आवत जावत हुने भएकोले अनिवार्य रुपमा स्वस्थ्य मापदण्ड तयार पारी स्थानिय तह सम्म व्यापक रुपमा चेतना फैलाउन आवश्यक देखिन्छ । स्वास्थ्य मन्त्रालयले चाडपर्व लक्षित विशेष स्वास्थ्य स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाउन सुझाव दिने ।<br>८. Covid- 19 का कारणले Non- Covid बिरामीहरुलाई परेको असुविधा, शल्य चिकित्साका पालो कुरेर बसेका बिरामीहरु साथै दीर्घ रोगीहरुले यथा समयमा उपचार पाउन नसकेको अवस्थालाई मध्यनजर गर्दै यस्ता बिरामीहरुको उपचारका लागि वैकल्पिक व्यवस्था वा यथाशिध्र उपयुक्त व्यवस्थापन गरी नागरिकको स्वास्थ्य सम्बन्धी हक कार्यान्वय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने । | |
| २०७७/०६/१४ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७७।०६।१३ र १४ गतेको बैठकमा नेपालको संविधानको भाग २७ अन्तर्गत रहेका अन्य आयोगहरुका विषयमा तत् आयोगका पदाधिकारी तथा सचिवज्यूहरुसँग आयोगहरुको कामकारबाहीको अवस्थाबारे छलफल भयो । उक्त वैठकहरुमा उठेका विषय र प्राप्त विवरणहरुको आधारमा समितिले देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :-<br>१. नेपालको संविधानको भाग २७ मा रहेका अन्य आयोगहरुमा संविधान जारी भएको पाँच वर्ष वितिसक्दा पनि आयोगका प्रमुख तथा पदाधिकारीहरु नियुक्त हुन नसक्दा संविधानको मर्म तथा भावना अनुकुल आयोगहरुले कार्य सम्पादन गर्न सकेको देखिएन । | |

| | | |
|---|---|---|
| | यसर्थ सम्पूर्ण संवैधानिक आयोगहरुमा रिक्त रहेका प्रमुख तथा पदाधिकारीका पदहरुमा अविलम्ब नियुक्ति गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने ।<br>२. आयोगको पूर्वाधार, जनशक्ति र बजेटको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था नेपाल सरकारले गर्ने :-<br>क) आयोगलाई चाहिने न्यूनतम भौतिक पूर्वाधारयुक्त भवन नभएकोले आयोगलाई काम गर्न सहज हुने उपयुक्त कार्यालयको व्यवस्था गर्ने ,<br>ख) आयोगको उदेश्य अनुरुप काम गर्नको लागी प्रर्याप्त जनशक्ति नभएकोहुनाले आयोगले माग गरे बमोजिम दरबन्दी अनुसारको कर्मचारीको पदपूर्ति सम्बन्धित निकायले गर्ने र छिटो छिटो सरुवा गर्ने परिपाटी अन्त गर्ने ,<br>ग) बजेटको अभावका कारण आयोगहरुले आफ्नो विषयमा अध्ययन अनुसन्धानमा खासै जान नसकेको कारण लक्षित उद्देश्य हासिल नभई आयोगको प्रभावकारिता नदेखिएको हुनाले अध्ययन अनुसन्धान गर्ने गरी बजेटको व्यवस्था सम्बन्धित निकायले सम्बोधन गर्ने<br>३. नेपालको संविधानको भाग २७ अन्तर्गत संवैधानिक आयोगको व्यवस्था गरिएका र यी आयोगहरुले आफ्नो औचित्य सावित गर्ने जिम्मेवारी पनि उक्त आयोगहरुमा रहेको छ । संविधानको धारा २६५ ले पुनरावलोकन गर्ने संवैधानिक प्रावधान समेत रहेकोले आयोगमा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको समुचित व्यवस्थापन मार्फत आफ्नो कार्यक्षेत्रभित्र प्रभावकारी कार्यसम्पादन गरि सबै वर्ग, क्षेत्र र सम्प्रदायका नागरिकलाई मूलधारमा ल्याउन सशक्त भूमिका निर्वाह गर्न सात वटै आयोगलाई निर्देशन दिने । | |
| २०७७।०६।१९ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७७।०६।१९ गतेको बैठकमा माननीय गृह मन्त्रीज्यू र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशकज्यूको उपस्थितीमा विपद व्यवस्थापन सम्बन्धमा छलफल भई उक्त बैठकमा उठेका विषय र प्राप्त विवरणहरुको आधारमा समितिले देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :<br>१. प्राकृतिक प्रकोपको कारणबाट यस बर्ष सिन्धुपाल्चोक, बागलुङ्ग, म्याग्दी, पर्वत, गुल्मी, अर्घाखांची, स्याङ्गजा लगायत ४९ ओटा जिल्लामा बाढी पहिरोका कारण जनधनको क्षती भई पूर्वाधारको क्षती भएको हुनाले प्रकोपको सामाना एउटै मात्र निकायबाट हल नभई सामुहिक प्रयत्नबाट मात्र सामाधान तथा न्यूनिकरण गर्न सकिने भएकोले त्यस मन्त्रालयको पहलमा जोखिम पहिचान भएका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानन्तरण गर्ने प्रक्रिया प्रारम्भ गर्ने, | |

| | | |
|---|---|---|
| | २. बाढि पहिरो जस्ता प्रकोपका कारण क्षतिग्रस्त सडक, पुलको निर्माण छिटो सुचारु गर्न सम्बन्धित निकायको ध्यानकर्षण गरी एकिकृत कार्ययोजना बनाई लागु गर्ने,<br>३.प्रकोप न्यूनिकरण तथा प्रकोप पछिको उद्वार राहात तथा पूनर्वासको लागि संघ,प्रदेश र स्थानीय सरकारले सामुहिक दायित्व बहन गरि एकद्वार प्रणलीबाट सहयोग वितरण प्रणालीको नीति ल्याउने,<br>४.विकासको नाममा प्रयोग भैरहेको डोजर सञ्चालन पूर्व भौगोलिक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायको अनुमतिमा मात्र संचालन गर्न तीनै तहको सरकारले आवश्यक नीति निर्माण गर्ने,<br>५. मौसम पुर्वानुमान प्रणालीको प्रभावकारितालाई स्थानिय तहसम्म स्थानीय भाषामा जनतालाई सुसुचित गर्न सरोकारवाला निकायले गृह मन्त्रालयको अगुवाईमा एकिकृत कार्य गर्ने । | |
| २०७७/०९/२७ | आज मिति २०७७ पुष २७ गते बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा समितिले आयोजना गरेको Impact of COVID–19 & Government Vaccination Plan विषयक अन्तरक्रिया कार्यक्रममा भएको प्रस्तुतीकरण, छलफल र उठाइएको विषयहरुको समिक्षा गर्दै देहाय बमोजिमको निर्देशन दिने निर्णय गरियो :-<br>५. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण गर्न, भाईरसको Second Wave आउन सक्ने अवस्थालाई मध्यनजर गरी थप सतर्कता र स्वास्थ्य सुरक्षा कायम गर्न तथा कोभिड-१९ विरुद्धको खोप व्यवस्थापन गरी योजनावद्ध रुपमा खोप वितरण कार्य गर्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबिचको समन्वयमा तत्काल आवश्यक प्रकिया अगाडी बढाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।<br>६. अन्तर्राष्ट्रिय बजारमा कोरोना विरुद्धको खोपको उपलब्धता, खोपको प्रभावकारिता, मूल्य वा निशुल्क प्राप्त गर्न सक्ने अवस्था र भण्डारण गर्न आवश्यक तापकम जस्ता पक्षको अध्ययन सम्पूर्ण नेपाली नागरिकहरुलाई खोप उपलब्ध गराउने गरी छिमेकी मुलुक लगायत अन्य मुलुकका सरकारहरु तथा | |

| | | |
|---|---|---|
| | विभिन्न खोप निर्माता कम्पनीहरुसँग सम्पर्क/समन्वय गरी यथाशिघ्र खोप उपलब्ध गराउन खरिद सम्झौता, अग्रिम बुकिङ्ग लगायतका प्रकृया योजनावद्ध ढंगले अगाडि बढाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।<br>७. हाल निशुल्क वितरण गरिएका विभिन्न रोग विरुद्धका खोप लगायत अन्य खोपहरुको खरिदमा बषेर्नि राज्यले ठूलो धनराशी खर्च गर्नुपर्ने भएको सन्दर्भमा सम्भाव्यता अध्ययन गरी खोप उत्पादन र विकासका लागि राज्यले छुट्टै संरचना निर्माण गर्न र सोको लागि आवश्यक ल्याब, दक्ष जनशक्ति तथा स्रोत साधन व्यवस्थापनको अध्ययन अनुसन्धान सहित योजना वनाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।<br>८. देशभित्र पाइने विभिन्न बहुमुल्य जडीबुटीहरुको पहिचान र विकास गरी आर्युबेदिक औषधिहरुको उत्पादन गर्न अध्ययन तथा अनुसन्धानलाई जोड दिंदै प्रयाप्त रकम र जनशक्तिको व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने । | |
| २०७८/०३/३१ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०३/३१ गते बसेको बैठकमा समितिको अर्धबार्षिक कार्ययोजना, २०७८ (साउनदेखि पुष मसान्तसम्म) राष्ट्रिय गौरवको आयोजना अध्ययन तथा अनुगमन उपसमितिको म्यादथप, कोभिड-१९ संक्रमणको स्वास्थ्य क्षेत्रमा परेको प्रभाव र सुधार सम्बन्धमा मिति २०७८/०३/२५ र २८ को बैठक समेतका आधारमा देहायबमोजिम निर्णय भयो :<br>१. समितिको प्रस्तावित अर्धबार्षिक कार्ययोजना, २०७८ मा समितिका माननीय सदस्यहरुले उठाएका विषयहरु तथा सुझावहरु समेत समावेश गरी परिमार्जित कार्ययोजना अर्को बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देशन दिने ।<br>२. कोभिड-१९ को संकमणको जोखिमको कारण राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमितिको स्थलगत अवलोकन, अनुगमन र छलफल प्रभावित भई तोकिएको समयमा प्रतिवेदन पेश हुन नसकेको हुँदा असोज मसान्तसम्म प्रतिवेदन पेश गर्ने गरी म्याद थप गर्ने । | |

| | | |
|---|---|---|
| | ३. समितिको आ.व. ०७७/०७८ को बार्षिक प्रतिवेदनमा समितिले नेपाल सरकारलाई दिएको निर्देशनको कार्यान्वयन अवस्था विशलेषण प्रयोजनको लागि सम्बन्धित निकायहरुबाट निर्देशन कार्यान्वयन प्रगति विवरण माग गर्ने ।<br>४. कोभिड-१९ को महामारी शुरु भए पश्चात् समितिले स्वास्थ्य क्षेत्रका विज्ञहरु, विशेषज्ञहरु, जनस्वास्थ्यविद्हरु र जनसंख्यातथाविकासकालागि सासंदहरुको मंचलगायतकाअन्य संघ संस्थाहरुसँग छलफल तथाअन्तरक्रिया बाट प्राप्त सुझावतथा समितिका बैठकबाट निकालिएको निर्ष्कषको आधारमा नेपाल सरकार स्वास्थ्यतथा जनसंख्यामन्त्रालयलाई तपशिलअनुसारको सुझाव तथा निर्देशनदिने निर्णय भयो :<br>(क) खोप व्यवस्थापन सम्बन्धमा :<br>● कोभिड-१९ विरुद्ध जुध्न खोप नै एक मात्र विकल्प रहेकोले खोप लगाउन योग्य सबै नेपालीहरुलाई यथाशिघ्र खोप उपलब्ध गराउन, खोप प्राप्त गर्न हाम्रा कुटनीतिक नियोगलाई थप प्रभावकारी ढंगले परिचालन गर्न निर्देशन दिने ।<br>● भारतमा निर्मित खोप कोभिसिल्डको पहिलो डोज लगााएका नागरिकहरु दोश्रो डोज नपाउँदा अन्यौलको अवस्थामा रहेका छन् । सोही वैज्ञानिक फर्मुलाको खोप भारत वा अन्य देशबाट यथाशिघ्र झिकाई दोस्रो डोज उपलब्ध गराउन आवश्यक पहल कदमी यथाशिघ्र लिन निर्देशन दिने ।<br>● खोप केन्द्रहरुमा ब्यापक भिड र अव्यवस्था देखिएकाले खोप केन्द्रहरु नै कोरोना हव बन्न सक्ने अवस्था आउन नदिन निजी क्षेत्र र अन्य स्वास्थ्य संस्थाहरुको सहकार्यमा खोप केन्द्रहरु विस्तार गरि स्वास्थ्य मापदण्डको पालना गरि खोप लगाउने व्यवस्था मिलाउन र जनघनत्व बढि भएका शहरी ईलाकाका टोलटोलमा खोप अभियान संचालन गर्न निर्देशन दिने ।<br>● अर्थतन्त्रलाई थप चलायमान बनाउन श्रमिक, उद्यमी, व्यवसायी र किसानलाई प्राथमिकतामा राखी खोप लगाउन योग्य सबै उमेर समूहका नागरिकहरुकालागि खोप अभियान सञ्चालन गर्न निर्देशन दिने । | |

| | | |
|---|---|---|
| | • २०७८ असार मसान्तसम्म कोभिड-१९ विरुद्धको कुन-कुनखोप कति-कति मात्रामा कहिले प्राप्त भयो र कति खोप लगाइसकेको छ सो सम्बन्धि विवरण तीन दिनभित्र उपलब्ध गराउन निर्देशन दिने ।<br>• कोभिड-१९ उपचार गर्न नेपाल सरकारले तोकेका निजी अस्पतालहरुले सरकार र विरामीहरुबाट समेत दोहोरो उपचार खर्च लिएको भन्ने गुनासो आएको सन्दर्भमा त्यस्ता अस्पतालहरुको कडा नियमन गरी दोषी पाइएमा तत्काल कार्यवाही प्रक्रिया अगाडी बढाउन र सो को जानकारी समितिलाई गराउन निर्देशन दिने ।<br>(ख) निजी अस्पतालतथा स्वास्थ्य संस्था सम्बन्धमा :<br>सरकारबाट कोभिड व्यवस्थापन मा भए गरेका कामकारबाही उन्साह जनक छन् । तर निजी क्षेत्रका अस्पतालहरुको नियमन गर्न नसक्दा बिरामीहरु उपचारकालागि चर्को शुल्क तिर्नु पर्दा ज्यादै ठूलो मर्का परेको गुनासो प्राप्त भईरहेको र Home Isolation मा रहेको कोभिड-१९ संक्रमितलाई आवश्यक स्वास्थ्य सुचना, स्वास्थ्य सेवा र परामर्श उपलब्ध गराउने बिषयमा ध्यानाकर्षण गराउँदै निजी क्षेत्रलाई नियमन, अनुगमन र निर्देशनका साथै सेवाको मूल्य निर्धारण गर्न विशेष व्यवस्था गर्न निर्देशन दिने ।<br>(ग) संस्थागतव्यवस्था सम्बन्धमा :<br>आर्थिक बर्ष २०७७/२०७८ को बजेट वक्तब्यमा उल्लेख भएका Central For Disease Control र Food and Drug Administration लाई स्रोत, साधन, अधिकार, आवश्यक जनशक्तिको व्यवस्था गरि साथै अन्तराष्ट्रिय अभ्यासहरुको समेत अध्ययन गरि स्थापना तथा संचालन गर्न निर्देशन दिने ।<br>(घ) स्वास्थ्य विमा सम्बन्धमा :<br>स्वास्थ्य परिक्षण र उपचार पद्दति मंहगो भएको सन्र्दभमा सबै नागरिकलाई स्वास्थ्य विमा अनिवार्य गर्ने साथै आर्थिक रुपमा विपन्न जनसंख्याको लगत राखि विपन्न परिवारहरुलाई निशुल्क स्वास्थ्य बिमा तिनै तहका सरकारको समन्वयमा यथाशिध्र लागु गर्न निर्देशन दिने ।<br>(ङ) थपआउन सक्ने waveको तयारी र समन्वयसम्बन्धमा<br>तिनै तहका सरकारद्धारा संचालित स्वास्थ्य संस्था र अस्पतालहरु बिचमा समन्वयमा कमि देखिएको छ । स्वास्थ्य सामग्री खरिद गर्ने तर संचालनमा ल्याउन नसक्ने, जनशक्तिको अभाव भएको गुनासो व्यापक रुपमा आएको छ । कोभिड - १९ को थप आउन सक्ने wave को व्यवस्थापन गर्न पूर्वतयारीहरु गर्न जरुरी छ । जनचेतना अभिवृद्धि गर्दै स्वास्थ्य संस्थाहरु र | |

| | | |
|---|---|---|
| | अस्पतालहरु बीचको समन्वयमा, बिरामीलाई Referral System मा विशेष रुपमा ध्यानाकर्षण हुन जरुरी देखिन्छ । स्वास्थ्य संस्थाहरु, अस्पतालको र पालिका स्तरमा समन्वय नहुँदा योजनाहरु कार्य सम्पादन र प्रतिकार्य निर्माणमा गम्भीर समस्या भै हाम्रो स्वास्थ्य प्रणाली माथि गम्भीर असर पर्ने देखिन्छ । यस तर्फ ध्यानाकर्षण गराउदै आवश्यक नयाँ नीति तथा कानून निर्माण गर्न निर्देशन दिने ।<br>(च) महिला हिंसासम्बन्धमाः<br>कोभिड -१९ काकारणले नेपाली महिलाहरु महिला हिंसाबाट व्यापक रुपमा प्रभावित भएको पाइएको छ । महिलाहरुको व्यापक रुपमा रोजगारी गुमेको छ । घरायसी साथै अन्य महिला कामदारहरुको ज्याला कटौती गरिएको छ वा पाएका छैनन् । अनुउत्पादक कामको भार बढेको छ । यस्तो अवस्थामा महिलाहरु माथि हुने गरेको हिंसाको अवस्था हेरि औषधी उपचार गर्नुपर्ने अवस्थामा निशुल्क रुपमा उपचार गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।<br>(छ) कोरोना भाईरसको संक्रमणको त्रासले नागरिकहरुमा मनोबैज्ञानिक असर देखिएको अवस्थालाई मध्यनजर राखि समुदाय स्तरमा यथाशिघ्र मनोसामाजिक परामर्श दिने अभियान सञ्चालन गर्न निर्देशन दिने ।” | |

राष्ट्रिय सरोकार तथा समन्वय समितिले यस आ.व. मा सम्पादन गरेका काम कारबाहीहरु हेर्दा मुलुकको तात्कालिक राजनैतिक व्यवस्थापनसँग सम्बद्ध विषयहरु, राष्ट्रिय महत्वका योजना तथा राष्ट्रिय सम्बृद्धि सँग आवद्ध विषयहरु र समकालिन मुद्दाहरुमा ध्यान केन्द्रित रहेका थियो । यसकारण समितिको कार्यक्षेत्रभित्रका अन्य कतिपय महत्वपूर्ण विषयहरुमा समिति प्रवेश गर्न सकेन । उपरोक्त विषयहरुलाई समितिले आगामी दिनमा प्राथमिकतामा राखी कामकारबाहि अगाडि वढाउने योजना रहेको छ । त्यस्ता विषयबस्तुहरु निम्नानुसार रहेका छन् -

- मानव अधिकार तथा परराष्ट्र सम्बन्ध सम्बन्धी विषय,
- सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी विषय ,
- समन्यायिक विकासको अवस्था सम्बन्धी विषय,
- राष्ट्रिय सुरक्षा सम्बन्धी विषय,
- संवैधानिक आयोग सम्बन्धी विषय,
- पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमितिको प्रतिवेदन आदि ।

# परिच्छेद - ३ : उपलब्धीहरु

राष्ट्रिय सरोकार तथा समन्वय समितिले यस आ.व. मा सम्पादन गरेका क्रियाकलापहरुबाट प्राप्त उपलब्धिहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ :-

- राष्ट्रिय गौरवका आयोजनाहरुसँग एवंम सम्बन्धित मन्त्रालय, आयोजना प्रमुखहरुसँग गरिएको अन्तरक्रिया र तत्पश्चात् समितिले दिईएको निर्देशनहरुबाट आयोजनाहरुमा रहेका समस्या समाधानमा स्पष्टता आएको र निर्माण कार्यमा सक्रियता देखिएको ।
- राष्ट्रिय गौरवका २३ वटै आयोजनाहरुसँग सम्बन्धित विषयगत मन्त्रालय सहित गरेको छलफलबाट आयोजना निर्धारित समयमै सम्पन्न गर्ने प्रतिबद्धता प्राप्त भएको साथै कार्यान्वयनको चरणमा रहेको ।
- समितिले गत आ.व.मा सात वटै प्रदेशमा आयोजना गरेको तहगत राज्य संरचना विकासमा समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनमा उल्लेखित सुझावहरु समेत समेटीई संघ, प्रदेश तथा स्थानीय तहको (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक संसदबाट पारित भएको ।
- पुन:निमार्ण कार्य अविलम्ब सम्पन्न गर्न र ऐतिहासिक पुरातात्विक महवत्का संरचनाको विशेषता एवं संवेदनशिलता प्रति सजग रहन समितिले राष्ट्रिय पुन:निमार्ण प्राधिकरणलाई थप जिम्मेवार बनाएको र सो अनुसार प्राधिकरणका काम कारबाहीहरु अगाडि बढेको ।
- अभिमुखिकरण कार्यक्रम पश्चात समितिका कार्यक्षेत्रभित्रका विभिन्न विषयमा छलफल गरी निर्देशन एवंम सुझावहरु दिन समितिलाई सहज भएको ।
- समितिको कार्ययोजना बमोजिम अधिकांश कार्यक्रमहरु निर्धारित समयमै सम्पन्न भएको ।
- समितिका बैठकहरु आपसी सौहार्दपूर्वक सम्पन्न भई हरेक निर्णयहरु सर्बसम्मतिका आधारमा भएको ।

# परिच्छेद - ४ : समस्या तथा सुझाव

## ४.१ समस्याहरु

समितिले कामकारवाहीको सिलसिलामा भोगेका समस्याहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ :-

### ४.१.१ नीतिगत पक्षमा देखिएका समस्याहरु

- राष्ट्रिय सभा नियमावलीमा समितिको कार्यक्षेत्र विषयगत मन्त्रालयमा विभाजन नगरिएकोले नेपाल सरकारका निकायहरु यस समिति प्रति कम जिम्मेवार देखिएको ।
- संघीय संसदका समितिहरुका वीच कार्यक्षेत्रमा दोहोरोपना रहेको ।
- राष्ट्रिय सभामा पेश भएका विधेयक दफावार छलफलका लागि यस समितिमा आउने प्रक्रिया नभएकोले कानून निर्माणको प्रक्रियाबाट समिति वञ्चित रहनु परेको ।

### ४.१.२ स्रोत साधन तथा भौतिक पक्षमा देखिएका समस्याहरु

- समितिको व्यवस्थित एवं प्रविधिमैत्री सभाकक्ष नरहेको ।
- समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन आर्थिक तथा प्राविधिक समस्या रहेको ।
- समितिको काम कारबाहीलाई paperless बनाउँदै e-governance मा जान आवश्यक स्रोत साधन तथा दक्ष जनशक्तिको अभाव रहेको ।
- समितिको स्थलगत अनुगमन, निरीक्षण, अन्तरक्रिया कार्यक्रमहरु तथा अन्य कार्यक्रमका लागि प्रयाप्त बजेट र खर्च सम्बन्धी व्यवहारिक मापदण्ड हुन नसक्दा समितिको अनुगमनको पक्ष कमजोर हुन पुगेको ।
- संघीय संसद सचिवालयको अध्ययन अनुसन्धानको पाटो कमजोर रहेकोले समिति पूर्णरुपमा अन्य निकायका तथ्यांकमा निर्भर रहनु परेको ।
- संघीय संसद सचिवालयका समिति सभाकक्षहरुमा उपयुक्त भौतिक पूर्वाधारको अभाव तथा प्रविधिमैत्री नहुँदा भर्चूअल बैठकहरु प्रभावकारी रुपमा सम्मन्न गर्न कठिनाई रहेको ।

### ४.१.३ बैठक व्यवस्थापन लगायत अन्य विविध विषयमा देखिएका समस्याहरु

- सरकारका निकायहरुले समितिको प्रयोजनको लागि माग गरेका विवरणहरु समयमा पेश नगर्ने र माग बमोजिम पूर्ण विवरणहरु उपलब्ध नगराएको ।
- अन्य समितिसँग कार्यक्षेत्रमा दोहोरो्पन देखिने तथा अन्तरसम्बन्धित रहेका विषयमा संयुक्त बैठक राख्न नसकिएको ।
- बैठकमा आमन्त्रण गरिने कतिपय मन्त्री, पदाधिकारी तथा निकायले समय उपलब्ध गराउन नसक्दा समितिको कार्ययोजना बमोजिम निर्धारित समयमै बैठक लगायत समितिका अन्य कार्यक्रम सम्पन्न हुन नसकेको ।

- संसदीय अभ्यास, राजनीतिक पद्धति र अनुभवको आदान प्रदान गर्न माननीय सदस्यहरु, समिति सचिवालयका कर्मचारीहरुको लागि राष्ट्रिय एवं अन्तराष्ट्रिय भ्रमण, तालिम तथा अध्ययनको व्यवस्था हुन नसकेको ।
- सरकारले समितिमा गरेका प्रतिबद्धताहरुको कार्यन्वयनमा प्रभावकारिता नर्देखिएको ।
- अन्तर सम्बन्धित विषयमा कार्यक्षेत्रमा दोहोरोपन देखिनु साथै एउटै विषयमा समितिले दिने निर्देशनमा एकरुपता नभएको, समितिहरुवीच समन्वयमा कमी देखिएको ।

## ४.२ सुझावहरु

- राष्ट्रिय सभा नियमावलीमा सरकारका निकायहरु समितिप्रति बढी जिम्मेवार हुने गरी मन्त्रालय एवं निकायगत कार्यविभाजनको व्यवस्था गर्नुपर्ने, कार्यक्षेत्रका विषयहरुमा स्पष्ट काम कर्तव्य अधिकार तोक्नु पर्ने साथै यस समितिको कार्यक्षेत्र अन्तर्गका विाष्यका विाधेयकहरुमाथीको दफवार छलफल यसै समितिमा हुनेगर्ा नियमावलीमा संशोधन गर्नु पर्ने ।
- समितिका कार्यक्षेत्रमा दोहोरोपन नहुनेगरी व्यवस्था मिलाउनु पर्ने ।
- समितिको लागि प्रविधिमैत्री सभाकक्ष निर्माण गर्नु पर्ने साथै समिति सचिवालयलाई प्रयाप्त आर्थिक एवं प्राविधिक स्रोत साधन तथा दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्ने ।
- समितिको स्थलगत अनुगमन लगायत अन्य महत्वपूर्ण संसदीय काम कारबाही सञ्चालनमा देखिएका ब्यावहारिक समस्या समाधानको लागि संघीय संसद सचिवालय, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले तत्काल खर्चको कार्यविधि निर्माण गर्नु पर्ने ।
- समितिका कार्यमा प्रभावकारिता ल्याउन समिति सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय अध्ययन भ्रमण, तालीम तथा अनुभवको आदान प्रदानका लागि सचिवालयबाट आवश्यक व्यवस्था गर्नु पर्ने ।
- समितिका निर्देशनहरु तथा समितिमा सरकारको तर्फवाट गरेका प्रतिबद्धताको कार्यान्वयनको अवस्था बारे निरन्तर अनुगमन मुल्यांकन गरी सरकारका निकायहरुलाई अझ बढी जवाफदेही बनाउनु पर्ने ।
- कार्यक्षेत्रमा दोहोरोपना देखिएका समितिहरु विच संयुक्त बैठक बस्ने अभ्यास गर्नु पर्ने ।
- हरेक मन्त्रालयमा संसदीय डेस्क स्थापना गरी समिति र मन्त्रालय बीच निरन्तर सम्वाद र समन्वयको प्रक्रिया थालनी गर्नु पर्ने ।
- समितिको काम कारबाहीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन कार्यक्षेत्र भित्रका निकायहरुसगं समेत समन्वय गरी वार्षिक कार्यतालीका निमार्ण गर्नु पर्ने ।

# अनुसूची : १
# समितिका माननीय सदस्यहरुको विवरण

| क्र.सं. | नाम | प्रदेश | सम्पर्क नं. | राजनीतिक दलको नाम |
|---|---|---|---|---|
| १. | **मा. दिल कुमारी रावल थापा (पार्वती) सभापति** | वागमती | ९८५५०६०५१७ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| २. | मा. अनिता देवकोटा | लुम्बिनी | ९८५७८३२६८४ | नेपाली काँग्रेस |
| ३. | मा. इन्दिरा देवी गौतम | १ | ९८४१२०३४१४ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ४. | मा. इन्दु कडरीया | सुदुरपश्चिम | ९८६८४५९५०५ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ५. | मा. उदया शर्मा/पौडेल | बागमती | ९८४१६८००३६ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ६. | मा. कोमल वली | लुम्बिनी | ९८५१०४१३४६ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ७. | मा. खिम लाल भट्टराई | लुम्बिनी | ९८५१०२३७०३ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ८. | मा. गोपी बहादुर सार्की आछामी | १ | ९८४११४१४५८ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ९. | मा. दिपा गुरुङ | गण्डकी | ९८५६०५९१५१ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १०. | म. दृग नारायण पाण्डेय | लुम्बिनी | ९८४७०४२५६७ | नेपाली काँग्रेस |
| ११. | मा. नारायणकाजी श्रेष्ठ | गण्डकी | ९८५११०५५२३ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १२. | मा. रामचन्द्र राई | बागमती | ९८५५०७२७३३ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १३. | मा. राम लखन चमार | लुम्बिनी | ९८५१०३१७६८ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १४. | मा. शेखर कुमार सिंह | २ | ९८५२८२००८५ | जनता समाजबादी पार्टी (ज.स.पा.) |
| १५. | मा. सुमनराज प्याकुरेल | २ | ९८५२८२०००४ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |

# अनुसूची : २

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरु

| क्र.सं. | नाम | पद | मोवाइल नं. |
|---|---|---|---|
| १ | श्री सीता काफ्ले वाग्ले | समिति सचिव | ९८५११३८७८६ |
| २ | श्री त्रिबिक्रम पराजुली | उपसचिव | ९८५११९८५३१ |
| ३ | श्री अरुण किशोर शर्मा | शाखा अधिकृत | ९८६०१६७२४६ |
| ४ | श्री मुना रेग्मी | नायब सुब्बा | ९८६०६८९६५४ |
| ५ | श्री हेम प्रसाद डुम्रे | नायब सुब्बा | ९८४३८८७५६५ |
| ६ | श्री सीता चनरा श्रेष्ठ | का.स.(करार) | ९८०८०२४८१७ |

# अनुसूची - ३ : समितिको बैठकका निर्णयहरु

## (मिति २०७७ साउन १ देखि २०७८ असार मसान्तसम्म)

| क्र. स. | मिति | निर्णय |
|---|---|---|
| १. | २०७७/०४/०१ | समितिको आजको बैठकमा समितिको कार्यक्षेत्र अन्तर्गत परराष्ट्र र राष्ट्रिय सुरक्षा सम्बन्धमा त्रिभुवन विश्वविद्यालय का अन्तर्राष्ट्रिय सम्बन्ध तथा कुटनीति विभागका प्रमुख डा.खड्क के.सी बाट कार्यपत्र प्रस्तुतीकरण भयो । |
| २. | २०७७/०४/१४ | समितिको आजको बैठकमा माननीय अर्थमन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, ऊर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिवज्यूहरुसंग राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको काम कारबाहीको अवस्था र आयोजना सञ्चालनको क्रममा देखा परेका समस्याका सम्बन्धमा छलफलभए पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>➢ राष्ट्रिय गौरवका आयोजना निर्माणको क्रममा गुणस्तरीयतामा ध्यान नदिई गम्भीर त्रुटी गर्ने र उक्त त्रुटी स्वीकृत गर्ने जिम्मेबार पदाधिकारीको कारणबाट जनधनको क्षती पुऱ्याउने अवस्था मेलम्ची खानेपानी आयोजनामा देखिएकोले त्यस्तो गम्भीर क्षती पुऱ्याउने गरी डिजाईजन परिर्वतन गर्ने पदाधिकारीलाई कानूनी कार्वाही गर्न र अब यस्ता गल्ती नदोहऱ्याउने तर्फ समयमै सचेत गराउने ।<br>➢ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनको सन्दर्भमा अन्तर मन्त्रालय समन्वयको अभावबाट काममा ढिलाई गर्ने अवस्था अझै पनि विद्यमान देखिएकोले मन्त्रालयहरुवीच समयमै समन्वय गरी समस्या समाधान गर्ने र नीतिगत निर्णय आवश्यक भए सम्बन्धित निकायमा समयमै पेश गर्ने ।<br>➢ आयोजना सम्पन्न गर्न कहाँ कहाँ के कस्ता चुनौतीहरु छन् तिनको विस्तृत अध्ययन गरि पूर्व सजगता अपनाउने ।<br>➢ आयोजना निमार्णको क्रममा अधिग्रहण भएका घर,जग्गा,गोठ,पर्खाल आदि संरचनाको मुअब्जा दिदा परम्परा देखि स्थानीय स्तरमै बस्दै आएका जग्गाधनि र मुअब्जा बाट नाफा कमाउने उदेश्यले पछि खरिद बिक्रि भई दोस्रो,तेस्रो हुदैं नामसारी भएका जग्गाधनिलाई लाभकरमा सामाजीक न्यायको आधारमा फरक फरक लाभकर नीति तय गर्नुपर्ने । |
| ३. | २०७७/०४/२३ | १. समितिको आजको बैठकमा यस समितिका सदस्य मा० खिम लाल भट्टराई प्रस्तावक तथा मा० अनिता देवकोटा समर्थक रहि मा० दिल कुमारी रावल थापा (पार्वती) लाई यस समितिको सभापति पदमा निर्वाचित गरियोस् भन्ने एकमात्र मनोनयन प्रस्तावको सम्बन्धमा छलफल भई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम (१५०) को उपनियिम (४) बमोजिम मा० दिल कुमारी रावल थापा (पार्वती) लाई राष्ट्रिय सरोकार तथा समन्वय समितिको सभापति पदमा निर्विरोध निर्वाचित गरियो ।<br>२. समितिका नवनिर्वाचित समापति मा० दिल कुमारी रावल थापा (पार्वती) लाई सफल कार्यकालको शुभकामना सहित समितिको तर्फबाट हार्दिक बधाई ज्ञापन गरियो । |
| ४. | २०७७/०४/२६ | १.समितिका नवनिर्वाचित समापति मा० दिल कुमारी रावल थापा (पार्वती) लाई समितिमा उपस्थित माननीय सदस्यहरुले सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्नुभयो ।<br>२. समितिको आजको बैठकमा समितिको कार्यक्षेत्र बमोजिम हालसम्म भए गरेका काम कारबाहीको समिक्षा भई आगामी कार्यक्रम सम्बन्धमा समिति सचिवालयले आन्तरिक तयारी गरि पेश गर्ने । |
| ५. | २०७७/०६/०४ | समितिको आजको बैठकमा नेपालमा पछिल्लो समयमा Covid–19 को संक्रमण सम्बन्धमा स्वास्थ्य तथा जनसंख्याा मन्त्रालयका सचिवसंग छलफल भयो । |
| ६. | २०७७/०६/०८ | समितिको मिति २०७७/०६/०८ गते बसेको बैठकमा Covid–19 को संक्रमण सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूसंग भएको छलफल पश्चात् देहाय बमोजिम निर्देशन दिने निर्णय गरियो ।<br>१. नेपाल सरकारले विभिन्न कठिनाईको बावजुदपनि Covid–19 को संक्रमणलाई नियन्त्रण गर्न र बिरामीहरुको व्यवस्थापन गर्न खेलेको महत्वपूर्ण भूमिका र फ्रन्ट लाइनमा कार्यरत डाक्टर, नर्स, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, एम्बुलेन्स एवं शववाहन चालकहरु प्रति हार्दिक |

| | | |
|---|---|---|
| | | धन्यावद ज्ञापन गर्दै, समिति कोभिड-१९ संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।<br>२. डाक्टर, स्वास्थ्यकर्मी र कानूनविद्हरुसँग परामर्श गर्दा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विद्यमान कानुनका कारणले, औषधिहरु प्रयोग गर्न, खोप आयात गर्न तथा नयाँ प्रविधिलाई प्रयोगमा ल्याउन कठिनाई भएको भन्ने बुझिएकोले यी कानुनलाई आवश्यकता अनुसार अधावधिक गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>३. Covid–19 वा अन्य कारणले कुनै अस्पतालको आकष्मिक कक्षमा पुगेका इमर्जेन्सी अवस्थाका बिरामीहरुले उपचार पाउन नसकि केही बिरामीको मृत्य भएको भन्ने जनगुनासो पनि सुनिन आएको सन्दर्भ यस्ता इमर्जेन्सी परेका बिरामीको जीवन रक्षा गर्नु अस्पतालहरुको कर्तव्य रहेकोले, इमर्जेन्सी अवस्थाका बिरामीलाई अन्य अस्पतालमा पठाउनु पर्ने भएमा सोहि पहिलो अस्पताल बाटै सम्बन्धित अर्को अस्पतालमा पठाउने व्यवस्था मिलाई बिरामीको जीवन रक्षामा विशेष ध्यान दिने र आवश्यक पर्दा निजी, गैरसरकारी तथा सामाजिक संघ संस्थाको समेत सहयोग लिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>४. Covid–19 को संक्रमण नियन्त्रण गर्न तथा सो सम्बम्धमा मानोवैज्ञानीक परामर्श समेत दिन तीन तहका सरकारी संयन्त्रको प्रभावकारी संचालन सहित, निजी क्षेत्र, राजनैतिक दल तथा सामाजिक संघ, संस्था सहितको आम जनताको बिच सचेतना अभियान संचालनको व्यवस्था मिलाउन सुझाव दिने ।<br>५. Covid–19 को संक्रमण निरन्तर बढी रहेको सर्न्दभमा हाल अवलम्बन गरिएको Phone call based contact tracing लाई उपयुक्त Contact tracing application तयार गरि प्रविधिमैत्री- Apps मार्फत contact tracing गरी Hotspot पहिचान गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>६. Home Isolation मा बसेका लक्षण नदेखिएको संक्मित बिरामीहरुको रेखदेख, आवश्यक औषधी उपचार र अनुगमनको लागि स्थानिय तहसँग समन्वय गरी डाक्टर वा स्वास्थ्य स्वयम सेवक खटाउने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने ।<br>७. नेपालीहरुको ठूला चाडपर्वहरु नजिकिदै आइरहेको अवस्थामा मानिसहरुको देश भित्र र बाहिरबाट समेत व्यापक आवत जावत हुने भएकोले अनिवार्य रुपमा स्वस्थ्य मापदण्ड तयार पारी स्थानिय तह सम्म व्यापक रुपमा चेतना फैलाउन आवश्यक देखिन्छ । स्वास्थ्य मन्त्रालयले चाडपर्व लक्षित विशेष स्वास्थ्य स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाउन सुझाव दिने ।<br>८. Covid- 19 का कारणले Non- Covid बिरामीहरुलाई परेको असुविधा, शल्य चिकित्साका पालो कुरेर बसेका बिरामीहरु साथै दीर्घ रोगीहरुले यथा समयमा उपचार पाउन नसकेको अवस्थालाई मध्यनजर गर्दै यस्ता बिरामीहरुको उपचारका लागि वैकल्पिक व्यवस्था वा यथाशिध्र उपयुक्त व्यवस्थापन गरी नागरिकको स्वास्थ्य सम्बन्धी हक कार्यान्वय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई निर्देशन दिने । |

| | | |
|---|---|---|
| ७. | २०७७/०६/१३ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७७।०६।१३ गतेको बैठकमा नेपालको संविधानको भाग २७ अन्तर्गत रहेका अन्य आयोगहरु मध्ये मधेशी आयोग, राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय महिला आयोगका पदाधिकारी तथा सचिवज्यूहरुसँग आयोगहरुको कामकारबाहीको अवस्थाबारे छलफल भयो । |
| ८. | २०७७/०६/१४ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७७।०६।१३ र १४ गतेको बैठकमा नेपालको संविधानको भाग २७ अन्तर्गत रहेका अन्य आयोगहरुका विषयमा तत् आयोगका पदाधिकारी तथा सचिवज्यूहरुसँग आयोगहरुको कामकारबाहीको अवस्थाबारे छलफल भयो । उक्त बैठकहरुमा उठेका विषय र प्राप्त विवरणहरुको आधारमा समितिले देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :-<br>१. नेपालको संविधानको भाग २७ मा रहेका अन्य आयोगहरुमा संविधान जारी भएको पाँच वर्ष वितिसक्दा पनि आयोगका प्रमुख तथा पदाधिकारीहरु नियुक्त हुन नसक्दा संविधानको मर्म तथा भावना अनुकुल आयोगहरुले कार्य सम्पादन गर्न सकेको देखिएन । यसर्थ सम्पूर्ण संवैधानिक आयोगहरुमा रिक्त रहेका प्रमुख तथा पदाधिकारीका पदहरुमा अविलम्ब नियुक्ति गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने ।<br>२. आयोगको पूर्वाधार, जनशक्ति र बजेटको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था नेपाल सरकारले गर्ने :-<br>क) आयोगलाई चाहिने न्यूनतम भौतिक पूर्वाधारयुक्त भवन नभएकोले आयोगलाई काम गर्न सहज हुने उपयुक्त कार्यालयको व्यवस्था गर्ने ,<br>ख) आयोगको उदेश्य अनुरुप काम गर्नको लागी प्रर्याप्त जनशक्ति नभएकोहुनाले आयोगले माग गरे बमोजिम दरबन्दी अनुसारको कर्मचारीको पदपूर्ति सम्बन्धित निकायले गर्ने र छिटो छिटो सरुवा गर्ने परिपाटी अन्त गर्ने ,<br>ग) बजेटको अभावका कारण आयोगहरुले आफ्नो विषयमा अध्ययन अनुसन्धानमा खासै जान नसकेको कारण लक्षित उद्देश्य हासिल नभई आयोगको प्रभावकारिता नदेखिएको हुनाले अध्ययन अनुसन्धान गर्ने गरी बजेटको व्यवस्था सम्बन्धित निकायले सम्बोधन गर्ने<br>३. नेपालको संविधानको भाग २७ अन्तर्गत संवैधानिक आयोगको व्यवस्था गरिएका र यी आयोगहरुले आफ्नो औचित्य सावित गर्ने जिम्मेवारी पनि उक्त आयोगहरुमा रहेको छ । संविधानको धारा २६५ ले पुनरावलोकन गर्ने संवैधानिक प्रावधान समेत रहेकोले आयोगमा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको समुचित व्यवस्थापन मार्फत आफ्नो कार्यक्षेत्रभित्र प्रभावकारी कार्यसम्पादन गरि सबै वर्ग, क्षेत्र र सम्प्रदायका नागरिकलाई मूलधारमा ल्याउन सशक्त भूमिका निर्वाह गर्न सात वटै आयोगलाई निर्देशन दिने । |
| ९. | २०७७।०६।१५ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७७।०६।१५ गतेको बैठकमा संघीय संसद सचिवालयको आन्तरिक सेवा तथा योजना शाखाबाट प्राप्त भएको यस समितिको आर्थीक बर्ष ०७७/७८को लागी स्वीकृत बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल हुंदा, प्रचलित आर्थिक कार्यविधि ऐन, नियामावली एवं भ्रमण खर्च नियामावलीमा भएको व्यवस्था समितिको अध्ययन भ्रमण तथा अन्य कार्यक्रम सञ्चालनकालागी अप्रर्याप्त एवं अव्यहारिक रहेकोले समितिका क्रियाकलापहरुलाई सहज गराउन संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ४० को उपदफा (५) को व्यवस्था अनुसार संघीय संसद सचिवालय, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिबाट **संसदीय समितिहरुको अध्ययन भ्रमण सम्बन्धी कार्यवीधी** तत्काल स्वीकृत गर्ने व्यवस्था मिलाउन संघीय संसद सचिवालयलाई लेखि पठाउने निर्णय भयो । |
| १०. | २०७७।०६।१९ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको मिति २०७७।०६।१९ गतेको बैठकमा माननीय गृह मन्त्रीज्यू र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशकज्यूको उपस्थितीमा विपद व्यवस्थापन सम्बन्धमा छलफल भई उक्त बैठकमा उठेका विषय र प्राप्त विवरणहरुको आधारमा समितिले देहाय बमोजिम निर्देशन दिने निर्णय भयो : |

| | | |
|---|---|---|
| | | १. प्राकृतिक प्रकोपको कारणबाट यस बर्ष सिन्धुपाल्चोक, बागलुङ्ग, म्याग्दी, पर्वत, गुल्मी, अर्घाखांची, स्याङ्गजा लगायत ४९ ओटा जिल्लामा बाढी पहिरोका कारण जनधनको क्षती भई पूर्वाधारको क्षती भएको हुनाले प्रकोपको सामाना एउटै मात्र निकायबाट हल नभई सामुहिक प्रयत्नबाट मात्र सामाधान तथा न्यूनिकरण गर्न सकिने भएकोले त्यस मन्त्रालयको पहलमा जोखिम पहिचान भएका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानन्तरण गर्ने प्रक्रिया प्रारम्भ गर्ने,<br>२. बाढि पहिरो जस्ता प्रकोपका कारण क्षतिग्रस्त सडक, पुलको निर्माण छिटो सुचारु गर्न सम्बन्धित निकायको ध्यानकर्षण गरी एकिकृत कार्ययोजना बनाई लागु गर्ने,<br>३.प्रकोप न्यूनिकरण तथा प्रकोप पछिको उद्धार राहात तथा पूनर्वासको लागि संघ,प्रदेश र स्थानीय सरकारले सामुहिक दायित्व बहन गरि एकद्वार प्रणलीबाट सहयोग वितरण प्रणालीको नीति ल्याउने,<br>४.विकासको नाममा प्रयोग भैरहेको डोजर सञ्चालन पूर्व भौगोलिक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायको अनुमतिमा मात्र संचालन गर्न तीनै तहको सरकारले आवश्यक नीति निर्माण गर्ने,<br>५. मौसम पुर्वानुमान प्रणालीको प्रभावकारितालाई स्थानिय तहसम्म स्थानीय भाषामा जनतालाई सुसुचित गर्न सरोकारवाला निकायले गृह मन्त्रालयको अगुवाईमा एकिकृत कार्य गर्ने । |
| ११. | २०७७/०८/१६ | १. अगामी २०७७ मंसीर १८ गते बिहिबार लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानको सन्दर्भमा "लैङ्गिक हिंसा विरुद्धको अभियानमा तीनै तहका जनप्रतिनिधिहरुको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रममा तीनै तहका जनप्रतिनिधिको अनुभव र धारणा Virtual Technology का माध्यमबाट जोडी आवश्यक प्रबन्ध गर्न समिति सचिवालयलाई निर्देशन दिने ।<br>२. उक्त कार्यक्रमका लागि प्रमुख अतिथिको रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्री लिलानाथ श्रेष्ठ, राष्ट्रिय सभाका उपाध्यक्ष श्री शशिकला श्रेष्ठ, लैङ्गिक न्यायका लागि संघीय सांसद समूहका सदस्यहरुलाई कार्यक्रममा आमन्त्रण गर्ने ।<br>३. समितिको आगामी बैठकमा विज्ञ श्री खिमलाल देवकोटालाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्न आमन्त्रण गर्ने । |
| १२. | २०७७/०८/२१ | आज मिति २०७७ पुष २१ गते बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा विज्ञ श्री खिमलाल देवकोटालाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । |
| १३. | २०७७/०९/२७ | आज मिति २०७७ पुष २७ गते बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा समितिले आयोजना गरेको Impact of COVID–19 & Government Vaccination Plan विषयक अन्तरक्रिया कार्यक्रममा भएको प्रस्तुतीकरण, छलफल र उठाइएको विषयहरुको समिक्षा गर्दै देहाय बमोजिमको निर्देशन दिने निर्णय गरियो :-<br>१. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रण गर्न, भाईरसको Second Wave आउन सक्ने अवस्थालाई मध्यनजर गरी थप सतर्कता र स्वास्थ्य सुरक्षा कायम गर्न तथा कोभिड-१९ विरुद्धको खोप व्यवस्थापन गरी योजनावद्ध रुपमा खोप वितरण कार्य गर्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबिचको समन्वयमा तत्काल आवश्यक प्रक्रिया अगाडी बढाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने । |

<table>
<tr><td></td><td></td><td>२. अन्तर्राष्ट्रिय बजारमा कोरोना विरुद्धको खोपको उपलब्धता, खोपको प्रभावकारिता, मूल्य वा निशुल्क प्राप्त गर्न सक्ने अवस्था र भण्डारण गर्न आवश्यक तापक्रम जस्ता पक्षको अध्ययन सम्पूर्ण नेपाली नागरिकहरुलाई खोप उपलब्ध गराउने गरी छिमेकी मुलुक लगायत अन्य मुलुकका सरकारहरु तथा विभिन्न खोप निर्माता कम्पनीहरुसँग सम्पर्क/समन्वय गरी यथाशिघ्र खोप उपलब्ध गराउन खरिद सम्झौता, अग्रिम बुकिङ्ग लगायतका प्रकृया योजनावद्ध ढंगले अगाडि बढाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।<br>३. हाल निशुल्क वितरण गरिएका विभिन्न रोग विरुद्धका खोप लगायत अन्य खोपहरुको खरिदमा बर्षेनि राज्यले ठूलो धनराशी खर्च गर्नुपर्ने भएको सन्दर्भमा सम्भाव्यता अध्ययन गरी खोप उत्पादन र विकासका लागि राज्यले छुट्टै संरचना निर्माण गर्न र सोको लागि आवश्यक ल्याब, दक्ष जनशक्ति तथा स्रोत साधन व्यवस्थापनको अध्ययन अनुसन्धान सहित योजना वनाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।<br>४. देशभित्र पाइने विभिन्न बहुमुल्य जडीबुटीहरुको पहिचान र विकास गरी आर्युबेदिक औषधिहरुको उत्पादन गर्न अध्ययन तथा अनुसन्धानलाई जोड दिंदै प्रयाप्त रकम र जनशक्तिको व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।</td></tr>
<tr><td>१४.</td><td>२०७७/०९/२८</td><td>१. राष्ट्रिय गौरवका आयोजनाहरुको अध्ययन गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (५) बमोजिम देहाय बमोजिमका उपसमिति गठन गर्ने ।<br>राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (क)
<table>
<tr><th>क्र.स</th><th>राष्ट्रिय गौरवका आयोजनाको नाम</th><th>उपसमितिका मा. सदस्यहरु</th></tr>
<tr><td>८.</td><td>मेलम्ची खानेपानी आयोजना</td><td rowspan="7">संयोजक मा.रामचन्द्र राई<br>सदस्य मा.इन्दु कडरीया<br>सदस्य मा.गोपी बहादुर सार्की अछामी<br>सदस्य मा.दिपा गुरुङ</td></tr>
<tr><td>९.</td><td>सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना</td></tr>
<tr><td>१०.</td><td>माथिल्लो तामाकोशी जलविद्युत आयोजना</td></tr>
<tr><td>११.</td><td>राष्ट्रपति चुरे संरक्षण कार्यक्रम</td></tr>
<tr><td>१२.</td><td>पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल</td></tr>
<tr><td>१३.</td><td>काठमाण्डौ तराई-मधेस द्रुतमार्ग</td></tr>
<tr><td>१४.</td><td>रानीजमरा कुलरीया सिंचाइ आयोजना</td></tr>
</table>
राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ख)
<table>
<tr><th>क्र.स</th><th>राष्ट्रिय गौरवका आयोजनाको नाम</th><th>उपसमितिका मा. सदस्यहरु</th></tr>
<tr><td>८.</td><td>उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग</td><td rowspan="5">संयोजक मा. अनिता देवकोटा<br>सदस्य मा. इन्दिरा गौतम<br>सदस्य मा. खिमलाल भट्टराई<br>सदस्य मा.नारायणकाजी श्रेष्ठ<br>सदस्य मा. सुमनराज प्याकुरेल</td></tr>
<tr><td>९.</td><td>पुष्पलाल (मध्य पहाडी) लोकमार्ग</td></tr>
<tr><td>१०</td><td>दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा</td></tr>
<tr><td>११</td><td>लुम्बिनी क्षेत्र विकास कोष</td></tr>
<tr><td>१२</td><td>गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा</td></tr>
</table>
</td></tr>
</table>

| | |
|---|---|
| १३. | बुढी गण्डकी जलविद्युत आयोजना (जलाशययुक्त) |
| १४ | पशुपति क्षेत्र विकास कोष |

## राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति (ग)

| क्र.स | राष्ट्रिय गौरवका आयोजनाको नाम | उपसमितिका मा. सदस्यहरु |
|---|---|---|
| ९. | हुलाकी लोकमार्ग आयोजना | संयोजक मा.शेखर कुमार सिंह<br>सदस्य मा. उदया शर्मा पौड्याल<br>सदस्य मा. कोमल वली<br>सदस्य मा. राम लखन चमार |
| १०. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | |
| ११. | पश्चिम सेती जलबिद्युत आयोजना | |
| १२. | बबई सिंचाइ आयोजना | |
| १३. | सिक्टा सिंचाइ आयोजना | |
| १४. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग आयोजना | |
| १५. | रेल्वे तथा मेट्रो विकास आयोजना | |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | |

**उपसमितिको कार्यक्षेत्रः**

आफ्नो कार्यक्षेत्र अन्तर्गतका आयोजनाहरुको छनौटको मापदण्ड तथा आधार, लगानी वा स्रोतको सुनिश्चितता, व्यवस्थापन, पर्यावरणमा पार्ने प्रभाव, आयोजनाको तयारी, ठेक्का प्रक्रिया, लागत अनुमान, सम्झौतित रकम, सम्पन्न हुनुपर्ने समय, थप समय र लागत, विभिन्न कालखण्डका जिम्मेवार पक्षहरु, समयमा सम्पन्न हुन नसक्नुका कारण र जिम्मेवारी बमोजिम कार्य सम्पन्न नगर्ने पक्षलाई गरिएका कारबाही लगायतका विभिन्न पक्षहरूको अध्ययन तथा अनुगमन गरी आयोजना व्यवस्थापनमा गर्नुपर्ने सुधार तथा आयोजनाहरु निर्धारित समयमा नै सम्पन्न गर्नको लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी, व्यवस्थापकीय, स्रोतगत, प्रविधिगत लगायतका उपायहरुको सुझावहरु प्रस्तुत गर्ने ।

**उपसमितिको कार्यावधि**

उपसमितिको कार्यावधि२०७८ असार मसान्तसम्म रहनेछ ।

२ समितिको वार्षिक प्रतिवेदन, ०७६।७७ को मस्यौदा अध्ययनको लागि माननीय सदस्यहरुलाई वितरण गरियो।

| | | |
|---|---|---|
| १५. | २०७७/११/०२ | आज मिति २०७७/११/०२ गते बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा लैङ्गिक हिंसा विरुद्ध सहकार्यकालागि अभियान्ताहरुसंग छलफल भयो । |
| १६. | २०७७/१२/०६ | आज मिति २०७७/११/०२ गते बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको पहिलो बैठकमा कोभिड-१९ महामारी र यसको थप तयारीको अवस्था विषयक अन्तरक्रिया कार्यक्रमको तयारी सम्बन्धमा छलफल भयो । |
| १७. | २०७७/१२/०६ | आज मिति २०७७/१२/०६ गते बसेको समितिको बैठकले नेपाली समाजमा बढ्दै गएको सामूहिक र व्यक्तिगत आत्महत्या सन्दर्भमा यसका कारण र समाधानको उपायबारे छलफल गर्न प्रहरी महानिरिक्षक श्री शैलेश थापा क्षेत्री, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि डा. मीरा राई र त्यसै क्षेत्रमा काम गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरुले आफ्नो धारणा राख्नु भयो । |
| १८. | २०७७।१२।१३ | १. समितिको आजको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई आ.व. २०७७।०७८ कोलागि विनियोजित बार्षिक बजेट बमोजिम समिति सचिवालयबाट प्रस्तावित वार्षिक कार्यक्रम अध्ययनको लागि माननीय सदस्यहरुलाई वितरण गरीयो ।<br>२. राष्ट्रिय सरोकार तथा समन्वय समितिको आ.व.२०७६। ०७७ को बार्षिक प्रतिवेदनको |

| | | |
|---|---|---|
| | | मस्यौदामा छलफल भए पश्चात छलफलमा उठेका विषयहरु समेत प्रतिवेदनमा समावेश गर्ने गरी राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवेदन २०७६।०७७ पारित भयो ।<br>३. राष्ट्रिय सरोकार तथा समन्वय समितिले आगामी हप्ता समितिका सम्पूर्ण माननीय सदस्यहरु र समिति सचिवालयका कर्मचारीहरु सहभागी हुने गरी चितवन जिल्लामा समितिको कार्यक्षेत्र भित्रको विषय राष्ट्रिय सम्पदा र संस्कृति सम्बन्धमा दुईवटा अभिमुखिकरण कार्यक्रम गर्ने तथा राष्ट्रिय गौरवको आयोजना हुलाकी लोकमार्ग अन्तर्गत चितवन जिल्लामा ट्याक रेखाङ्कनको क्रममा माडी नगरपालिका, चितवन राष्ट्रिय निकुञ्ज र वन क्षेत्रको कारण देखिएका समस्या सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय भयो । तीन दिने उक्त कार्यक्रमको आवश्यक तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो । |
| १९. | २०७७/१२/१८ | आज मिति २०७७/१२/१८ गते बसेको समितिको बैठकमा राष्ट्रिय जनगणना २०७८ को तयारी र भावी कार्ययोजना सम्बन्धमा राष्ट्रिय योजना आयोगका सदस्य र केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकसँग छलफल भयो । |
| २०. | २०७८/०३/०९ | १ समितिको आजको बैठकमा जनसरोकारका समसामयिक विषयमा समितिको आगामि कार्यक्रमहरु बारे छलफल हुँदा कोभिड-१९ विरुद्धको खोप व्यवस्थापन एवं सम्भावित तेस्रो लहरको जोखिमको पूर्वतयारी सम्बन्धमा, कोरोना महामारीका कारण पर्यटन, यातायात, शिक्षा लगायतका क्षेत्रमा परेको प्रभाव र आगामी कार्ययोजना सम्बन्धमा र वर्षाद्को समयसँगै बढेको बाढी, पहिरोको प्रकोप व्यवस्थापन सम्बन्धी विषयमा छलफल गर्न सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गरी क्रमश: समितिको बैठक आयोजना गर्ने निर्णय गरियो ।<br>२ समितिको मिति २०७७/१२/१३ को निर्णय अनुसार मिति २०७७ चैत्र २३ देखि २५ गते यस समितिले चितवन जिल्लामा आयोजना गर्न लागेको स्थलगत अध्ययन तथा अन्तरक्रिया कार्यक्रमको सम्पूर्ण व्यवस्थापकिय तयारी पूरा गरी समितिको टोली भरतपुर प्रस्थानका लागि त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेकोमा दुवै तर्फको मौसममा खरावी आइ हवाई सेवा अवरुद्ध हुँदा सो दिन कार्यक्रम स्थगित भएको थियो । कोभिड -१९ संक्रमणको दोस्रो लहरको प्रभावले सो कार्यक्रम हालसम्म पनि पुन:सञ्चालन गर्न सकिने अवस्था नरहेको सन्दर्भमा यस आ.ब.मा उक्त कार्यक्रम नगर्ने निर्णय भयो । |
| २१. | २०७८/०३/११ | समितिको मिति २०७८/०३/११ गते बसेको बैठकमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सम्बन्धमा भएका कामकारवाहि र आगामि कार्ययोजनाका सम्बन्धमा गृह मन्त्रालयका सचिव र राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारि निर्देशकसंग छलफल भयो । |
| २२. | २०७८/०३/२२ | समितिको आज मिति २०७८/०३/११ गते बसेको बैठकमा कोभिड-१९ को सक्रमणले शिक्षा क्षेत्रमा पारेको प्रभाव र आगामि कार्ययोजना सम्बन्धमा शिक्षाविद्हरु विद्यानाथ कोईराला र विमल कुमार फुयाँल संग छलफल भयो । |
| २३. | २०७८/०३/२५ | समितिको आज मिति २०७७/१२/१८ गते बसेको बैठकमा कोभिड-१९ को सक्रमणको प्रबृती, यसको रोकथाम र नियन्त्राणकालागि गर्नुपर्ने तयारी तथा सरकारको आगामी कार्यदिशा सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि डा. शेर बहादुर पुन र जनस्वास्थ्य विज्ञ डा. अर्जुन कुमार काकीले कार्यपत्र प्रस्तुत गर्नुभई सो सम्बन्धमा छलफल भयो । |
| २४. | २०७८/०३/२८ | समितिको आज मिति २०७७/१२/१८ गते बसेको बैठकमा कोभिड-१९ को संक्रमण नियन्त्रण तथा रोकथामका लागि गरिएका प्रयास र नीतिगत तथा कानूनी रुपमा गर्नुपर्ने सुधारहरुका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि ढा. गुणराज लोहनी तथा बरिष्ठ स्वास्थ्य विज्ञ डा. शुसिल बरालबाट कार्यपत्र प्रस्तुत भई सो सम्बन्धमा छलफल भाये । |
| २५. | २०७८/०३/३१ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०३/३१ गते बसेको बैठकमा समितिको अर्धबार्षिक कार्ययोजना, २०७८ (साउनदेखि पुष मसान्तसम्म) राष्ट्रिय गौरवको आयोजना अध्ययन तथा अनुगमन उपसमितिको म्यादथप, कोभिड-१९ संक्रमणको स्वास्थ्य |

क्षेत्रमा परेको प्रभाव र सुधार सम्बन्धमा मिति २०७८/०३/२५ र २८ को बैठक समेतका आधारमा देहायबमोजिम निर्णय भयो :

५. समितिको प्रस्तावित अर्धबार्षिक कार्ययोजना, २०७८ मा समितिका माननीय सदस्यहरुले उठाएका विषयहरु तथा सुझावहरु समेत समावेश गरी परिमार्जित कार्ययोजना अर्को बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देशन दिने ।

६. कोभिड-१९ को संक्रमणको जोखिमको कारण राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमितिको स्थलगत अवलोकन, अनुगमन र छलफल प्रभावित भई तोकिएको समयमा प्रतिवेदन पेश हुन नसकेको हुँदा असोज मसान्तसम्म प्रतिवेदन पेश गर्ने गरी म्याद थप गर्ने ।

७. समितिको आ.व. ०७७/०७८ को बार्षिक प्रतिवेदनमा समितिले नेपाल सरकारलाई दिएको निर्देशनको कार्यान्वयन अवस्था विशलेषण प्रयोजनको लागि सम्बन्धित निकायहरुबाट निर्देशन कार्यान्वयन प्रगति विवरण माग गर्ने ।

८. कोभिड-१९ को महामारी शुरु भए पश्चात् समितिले स्वास्थ्य क्षेत्रका विज्ञहरु, विशेषज्ञहरु, जनस्वास्थ्यविद्हरु र जनसंख्यातथाविकासकालागि सासंदहरुको मंचलगायतकाअन्य संघ संस्थाहरुसँग छलफल तथाअन्तरक्रिया बाट प्राप्त सुझावतथा समितिका बैठकबाट निकालिएको निर्ष्कषको आधारमा नेपाल सरकार स्वास्थ्यतथा जनसंख्यामन्त्रालयलाई तपशिलअनुसारको सुझाव तथा निर्देशनदिने निर्णय भयो :

(क) खोप व्यवस्थापन सम्बन्धमा :

- कोभिड-१९ विरुद्ध जुध्न खोप नै एक मात्र विकल्प रहेकोले खोप लगाउन योग्य सबै नेपालीहरुलाई यथाशिघ्र खोप उपलब्ध गराउन, खोप प्राप्त गर्न हाम्रा कुटनीतिक नियोगलाई थप प्रभावकारी ढंगले परिचालन गर्न निर्देशन दिने ।
- भारतमा निर्मित खोप कोभिसिल्डको पहिलो डोज लगााएका नागरिकहरु दोश्रो डोज नपाउँदा अन्यौलको अवस्थामा रहेका छन् । सोही वैज्ञानिक फर्मुलाको खोप भारत वा अन्य देशबाट यथाशिघ्र झिकाई दोस्रो डोज उपलब्ध गराउन आवश्यक पहल कदमी यथाशिघ्र लिन निर्देशन दिने ।
- खोप केन्द्रहरुमा ब्यापक भिड र अव्यवस्था देखिएकाले खोप केन्द्रहरु नै कोरोना हव बन्न सक्ने अवस्था आउन नदिन निजी क्षेत्र र अन्य स्वास्थ्य संस्थाहरुको सहकार्यमा खोप केन्द्रहरु विस्तार गरि स्वास्थ्य मापदण्डको पालना गरि खोप लगाउने व्यवस्था मिलाउन र जनघनत्व बढि भएका शहरी ईलाकाका टोलटोलमा खोप अभियान संचालन गर्न निर्देशन दिने ।
- अर्थतन्त्रलाई थप चलायमान बनाउन श्रमिक, उद्यमी, व्यवसायी र किसानलाई प्राथमिकतामा राखी खोप लगाउन योग्य सबै उमेर समूहका नागरिकहरुकालागि खोप अभियान सञ्चालन गर्न निर्देशन दिने ।
- २०७८ असार मसान्तसम्म कोभिड-१९ विरुद्धको कुन-कुनखोप कति-कति मात्रामा कहिले प्राप्त भयो र कति खोप लगाइसकेको छ सो सम्बन्धि विवरण तीन दिनभित्र उपलब्ध गराउन निर्देशन दिने ।
- कोभिड-१९ उपचार गर्न नेपाल सरकारले तोकेका निजी अस्पतालहरुले सरकार र विरामीहरुबाट समेत दोहोरो उपचार खर्च लिएको भन्ने गुनासो आएको सन्दर्भमा त्यस्ता अस्पतालहरुको कडा नियमन गरी दोषी पाइएमा तत्काल कार्यवाही प्रकिया अगाडी बढाउन र सो को जानकारी समितिलाई गराउन निर्देशन दिने ।

(ख) निजी अस्पतालतथा स्वास्थ्य संस्था सम्बन्धमा :

सरकारबाट कोभिड व्यवस्थापन मा भए गरेका कामकारबाही उन्साह जनक छन् ।

| | | |
|---|---|---|
| | | तर निजी क्षेत्रका अस्पतालहरुको नियमन गर्न नसक्दा बिरामीहरु उपचारकालागि चर्को शुल्क तिर्नु पर्दा ज्यादै ठूलो मर्का परेको गुनासो प्राप्त भईरहेको र Home Isolation मा रहेको कोभिड-१९ संक्रमितलाई आवश्यक स्वास्थ्य सुचना, स्वास्थ्य सेवा र परार्मश उपलब्ध गराउने बिषयमा ध्यानाकर्षण गराउँदै निजी क्षेत्रलाई नियमन, अनुगमन र निर्देशनका साथै सेवाको मूल्य निर्धारण गर्न विशेष व्यवस्था गर्न निर्देशन दिने ।<br>(ग) संस्थागतव्यवस्था सम्बन्धमा :<br>आर्थिक बर्ष २०७७/२०७८ को बजेट वक्तव्यमा उल्लेख भएका Central For Disease Control र Food and Drug Administration लाई स्रोत, साधन, अधिकार, आवश्यक जनशक्तिको व्यवस्था गरि साथै अन्तराष्ट्रिय अभ्यासहरुको समेत अध्ययन गरि स्थापना तथा संचालन गर्न निर्देशन दिने ।<br>(घ) स्वास्थ्य विमा सम्बन्धमा :<br>स्वास्थ्य परिक्षण र उपचार पद्दति मंहगो भएको सर्न्दभमा सबै नागरिकलाई स्वास्थ्य विमा अनिवार्य गर्ने साथै आर्थिक रुपमा विपन्न जनसंख्याको लगत राखि विपन्न परिवारहरुलाई निशुल्क स्वास्थ्य बिमा तिनै तहका सरकारको समन्वयमा यथाशिध्र लागु गर्न निर्देशन दिने ।<br>(ङ) थपआउन सक्ने waveको तयारी र समन्वयसम्बन्धमा<br>तिनै तहका सरकारद्धारा संचालित स्वास्थ्य संस्था र अस्पतालहरु बिचमा समन्वयमा कमि देखिएको छ । स्वास्थ्य सामग्री खरिद गर्ने तर संचालनमा ल्याउन नसक्ने, जनशक्तिको अभाव भएको गुनासो व्यापक रुपमा आएको छ । कोभिड - १९ को थप आउन सक्ने wave को व्यवस्थापन गर्न पूर्वतयारीहरु गर्न जरुरी छ । जनचेतना अभिवृद्धि गर्दै स्वास्थ्य संस्थाहरु र अस्पतालहरु बीचको समन्वयमा, बिरामीलाई Referral System मा विशेष रुपमा ध्यानाकर्षण हुन जरुरी देखिन्छ । स्वास्थ्य संस्थाहरु, अस्पतालको र पालिका स्तरमा समन्वय नहुँदा योजनाहरु कार्य सम्पादन र प्रतिकार्य निर्माणमा गम्भीर समस्या भै हाम्रो स्वास्थ्य प्रणाली माथि गम्भीर असर पर्ने देखिन्छ । यस तर्फ ध्यानाकर्षण गराउदै आवश्यक नयाँ नीति तथा कानून निर्माण गर्न निर्देशन दिने ।<br>(च) महिला हिंसासम्बन्धमा:<br>कोभिड -१९ काकारणले नेपाली महिलाहरु महिला हिंसाबाट व्यापक रुपमा प्रभावित भएको पाइएको छ । महिलाहरुको व्यापक रुपमा रोजगारी गुमेको छ । घरायसी साथै अन्य महिला कामदारहरुको ज्याला कटौती गरिएको छ वा पाएका छैनन् । अनुउत्पादक कामको भार बढेको छ । यस्तो अवस्थामा महिलाहरु माथि हुने गरेको हिंसाको अवस्था हेरि औषधी उपचार गर्नुपर्ने अवस्थामा निशुल्क रुपमा उपचार गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।<br>(छ) कोरोना भाईरसको संक्रमणको त्रासले नागरिकहरुमा मनोबैज्ञानिक असर देखिएको अवस्थालाई मध्यनजर राखि समुदाय स्तरमा यथाशिघ्र मनोसामाजिक परामर्श दिने अभियान सञ्चालन गर्न निर्देशन दिने ।” |

# अनुसूची -४: उपस्थिति विवरण

## आ. व. २०७७/०७८ मा समितिका सदस्यहरुको बैठकमा उपस्थिति विवरण

## मिति २०७७ श्रावण १ गते देखि मंसिर सम्म

| सि.नं | नाम | २०७७/४/०१ | २०७७/०४/२३ | २०७७/०४/२३ | २०७७/०४/२६ | २०७७/०६/०४ | २०७७/०६/०८ | २०७७/०६/१३ | २०७७/०६/१४ | २०७७/०६/१५ | २०७७/०६/१९ | २०७७/०८/१६ | २०७७/०८/२१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मा. दिल कुमारी रावल थापा (पार्वती)(सभापति) | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| २. | . मा.अनिता देवकोटा | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| ३. | मा. इन्दिरा देवी गौतम | √ | | | | | √ | | √ | √ | | | |
| ४. | मा. इन्दु कडरीया | √ | √ | | | | | √ | √ | √ | √ | | |
| ५. | मा. उदया शर्मा/पौडेल | | | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ६. | मा. कोमल वली | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ | |
| ७. | मा. खिम लाल भट्टराई | √ | | √ | √ | √ | √ | √ | √ | √ | | √ | √ |
| ८. | मा. गोपी बहादुर सार्की आछामी | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ९. | मा. दिपा गुरुङ | √ | √ | | | | | | | | | | |
| १०. | मा. नारायणकाजी श्रेष्ठ | √ | √ | | | | | | √ | | | | |
| ११. | मा. रामचन्द्र राई | | √ | √ | √ | √ | √ | | | | | √ | √ |
| १२. | मा. राम लखन चमार | √ | √ | | | | | | | | √ | √ | √ |
| १३. | मा. शेखर कुमार सिंह | √ | √ | √ | √ | | √ | √ | √ | √ | √ | √ | |
| १४. | मा. सुमनराज प्याकुरेल | | | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |

# मिति २०७८ पुष देखि २०७८ असार मसान्तसम्म

| सि.नं | नाम | २०७७/ ०९/२७ | २०७७/ ०९/२८ | २०७७/ ११/०२ | २०७७/१ २/०६ | ०७७/१ २/०६ (दोस्रो) | ०७७/१२ /१३ | ०७७/१२ /१८ | ०७८/० ३/०९ | २०७८/० ३/११ | ०७८/०३ /२२ | ०७८/० ३/२५ | ०७८/० ३/२८ | ०७८/० ३/३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मा. दिल कुमारी रावल थापा ( पार्वती)(सभापति) | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| २. | . अनिता देवकोटा | √ | √ | | | | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ३. | मा. इन्दिरा देवी गौतम | √ | √ | | √ | √ | | | | √ | √ | √ | | √ |
| ४. | मा. इन्दु कडरीया | √ | √ | √ | √ | √ | √ | | | | √ | √ | √ | √ |
| ५. | मा. उदया शर्मा/पौडेल | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ६. | मा. कोमल वली | √ | √ | √ | | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ७. | मा. खिम लाल भट्टराई | √ | √ | | | | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ८. | मा. गोपी बहादुर सार्की आछामी | √ | √ | √ | | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ९. | मा. दिपा गुरुङ | √ | √ | √ | √ | √ | √ | | | | √ | √ | √ | √ |
| १०. | म. दृग नारायण पाण्डेय | राष्ट्रिय सभाको मिति २०७८/०३/२१ को बैठकले यस समितिमा पठाएको । | | | | | | | | | √ | √ | √ | |
| ११. | मा. नारायणकाजी श्रेष्ठ | | | | | | | | √ | | | √ | √ | √ |
| १२. | मा. रामचन्द्र राई | √ | √ | √ | √ | √ | √ | √ | √ | | | | | |
| १३. | मा. राम लखन चमार | | | √ | √ | √ | √ | √ | | | √ | √ | √ | √ |
| १४. | मा. शेखर कुमार सिंह | √ | √ | √ | √ | √ | √ | | | | √ | √ | √ | √ |
| १५. | मा. सुमनराज प्याकुरेल | | | √ | √ | √ | √ | | | | | √ | √ | √ |

# अनुसूची -५: समितिका कामकारवाही सम्बन्धी केहि झलक



माननीय सदस्यहरुका लागि अभिमुखीकरण कार्यक्रम, नगरकोट




पिछडिएको क्षेत्र सम्बन्धमा आयोजित अन्तरक्रिया कार्यक्रम, खंलगा, जुम्ला